अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश,कास्की

मध्यमकालिन खर्च संरचना

(आ.व.२०७९/०८० २०८१/०८२)

अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश,कास्की

मध्यमकालिन खर्च संरचना

(आ.व.२०७९/०८० २०८१/०८२)

परामर्शदाता

आर.आई.डि.ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.

शंखमूल,काठमाडौं

विषयसूची

परिच्छेद-१ परिचय ५

१.१ पृष्ठभूमि ५

परिच्छेद-२ मध्यकालीन खर्च संरचना ७

२.१ सवल तथा दूर्वल पक्ष, चुनौती र अवसर ७

२.२. दिर्घकालीन सोच तथा रणनीति ८

२.३. मध्यकालीन आर्थिक खाका १०

२.४. प्रमुख नतिजा र सूचकहरू तथा लक्ष्य १०

२.५. प्रमुख बिषय क्षेत्रगत सूचकहरू १०

मध्यकालीन खर्च संरचनाको बजेट बिनियोजन र प्रक्षेपण १३

३.१. बजेट स्रोतको अनुमान १३

परिच्छेद-४ २०

क्षेत्रगत उपलब्धि :चुनौती, अवसर र रणनीति २०

४.१. आर्थिक विकास २०

क.कृषि र पशुविकास २०

ख.पर्यटन विकास २५

ग.उद्योग तथा वाणिज्य २७

घ. सहकारी २८

४.२ सामाजिक विकास ३५

क.शिक्षा ३५

ख.स्वास्थ्य ३७

ग. खानेपानी तथा सरसफाई ४०

घ.संस्कृति प्रवर्द्धन ४२

घ.१.पृष्ठभूमी ४२

ङ.लैंगिक समानता तथा सामाजिक समावेशीकरण ४४

४.३.पूर्वाधार विकास ४७

क.सडक तथा पुल ४७

ख सिंचाई ५०

ग.भवन तथा शहरी विकास ५२

घ.उर्जा ५४

ङ.सञ्चार ५७

४.४. बन,वातावरण तथा विपद् व्यवस्थापन ६१

क.वन तथा भूसंरक्षण ६१

ख. जलाधार संरक्षण ६४

ग.जलबायु परिवर्तन ६६

घ.फोहरमैला व्यवस्थापन ६९

ङ.जल उत्पन्न प्रकोप नियनत्रण र विपद्व्यवस्थापन ७०

४.४.१. विषयगत क्षेत्रगत खर्चतथा कार्यक्रम / आयोजनाहरुको संक्षिप्त विवरण ७०

४.५. सुशासन तथा संस्थागत विकास ७४

४.५.१ आयोजना तथा कार्यक्रहरुको विवरण ७७

तालिका

तालिका १ प्रमुख नतिजा तथा सूचकहरु १०
तालिका २ प्रमुख विषय क्षेत्रगत सूचक तथा लक्ष्यहरु ११
तालिका ३ त्रिवर्षिय बजेट खाका १३
तालिका ४ आयोजनाहरुको प्राथमिकताको आधारमा बजेट बिनियोजन १४
तालिका ५ दिगो बिकास लक्ष्यको आधारमा देहाय बमोजिमको बजेट बाँडफाँड १५
तालिका ६ लैगिक संकेतको आधारमा बजेट बाँडफाँड १६
तालिका ७ प्रमखु विषय क्षेत्रगत आधारमा बजेटको बाँडफाँड १७
तालिका ८ कृषिबालि कार्यक्रमसंग सम्वन्धित नतिजा सूचक र लक्ष्य २२
तालिका ९ कृषि कार्यक्रमसंग सम्वन्धित नतिजा सूचक र लक्ष्य २३
तालिका १० पशु विकास कार्यक्रसंग सम्बन्धित नतिजा सूचक र लक्ष्य(क) २४
तालिका ११ पशु विकास कार्यक्रसंग सम्बन्धित नतिजा सूचक र लक्ष्य २४
तालिका १२ पर्यटन क्षेत्रसंग सम्वन्धित सूचक र लक्ष्य २६
तालिका १३ उद्योग तथा वाणिज्य क्षेत्रसंग सम्वन्धित समग्र सूचक र लक्ष्य २८
तालिका १४ सहकारी क्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण ३०
तालिका १५ आर्थिक विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण कृषि र पशुविकास ३१
तालिका १६ पर्यटन, कार्यक्रम/आयोजना ३४
तालिका १७ उद्योग तथा वाणिज्य क्षेत्रसँग सम्वन्धित अयोजना तथा कार्यक्रहरुको संक्षिप्त विवरण ३४
तालिका १८ शिक्षा क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ३७
तालिका १९ स्वास्थ्य क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ३९
तालिका २० खानेपानी तथा सरसफाई उप क्षेत्रसंग सम्बन्धित समग् सूचक र लक्ष्य ४२
तालिका २१ सस्कृति प्रबर्द्धन उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ४४
तालिका २२ लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ४६
तालिका २३ सामाजिक विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण शिक्षा ४६
तालिका २४ सडक तथा पुल उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ४९
तालिका २५ सडक तथा पलु उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ५२
तालिका २६ भवन तथा शहरी विकास उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ५४
तालिका २७ उर्जा उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ५७
तालिका २८ संञ्चार उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ६०
तालिका २९ पूर्वाधार विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण, सडक पुल ६०
तालिका ३० वन तथा भ-संरक्षण उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ६३
तालिका ३१ विषय क्षेत्रगत सूचक र नतिजा जलाधार संरक्षण ६६
तालिका ३२जलवायु परिवर्तन उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य ६८
तालिका ३३ फोहरमैला ब्यवस्थापन उपक्षेत्रसँग सम्वन्धित समग्र सूचक र लक्ष्य ६९
तालिका ३४ जलउत्पन्न प्रकोप नियन्त्रण र विपद्वयवस्थापन उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक ७०
तालिका ३५ बन तथा भू संरक्षण ७०
तालिका ३६ जलवायु परिवर्तन ७२
तालिका ३७ सिचाइ तथा फोहोरमैला ब्यवस्थापन ७३
तालिका ३८ जल उत्पन्न प्रकोप नियन्त्रण विपद् ब्यबस्थापन ७३
तालिका ३९ मानव संसाधन तथा संस्थागत क्षमता विकास उपक्षेत्रसंग सम्बन्धि त समग्र सूचक र लक्ष्य ७७
तालिका ४० आयोजना तथा कार्यक्रहरुको विवरण ७७

परिच्छेद-१ परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को कार्यान्वयनको कममा राष्ट्रिय दीर्घकालिन लक्ष्य, पन्ध्रौ योजना र दीगो विकासका लक्ष्य अनुसार **समृद्ध नेपाल सुखि नेपालीको** महत्वाकांक्षी लक्ष्य तय गरिएको छ। सो को लागि गण्डकी प्रदेश सरकारले प्रदेश आवधिक योजना मार्फत लिएका लक्ष्य र गाउँपालिकाले आवधिक योजना मार्फत लिएका लक्ष्यहरु हासिल गरि राष्ट्रिय लक्ष्य प्राप्त गर्न वित्तीय व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । वि.स. २०८७ सम्म मुलुकलाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने तथा वि.स.२१०० सम्म समुन्नत मुलुकको रुपमा स्तरोन्नति गर्न गाउँपालिका स्तरबाट समेत अहं भुमिका खेल्नका लागि सार्वजनिक खर्चको प्रभावकारी र मितव्ययी ढंगले व्यवस्थापन गरि उपयोग गर्नु नितान्त आबश्यक छ । गाउँपालिकाको आवधिक योजना र वार्षिक वजेट बिच तालमेल मिलाई गण्डकी प्रदेश सरकारले लिएको लक्ष्य समेतलाई मध्यनजर गरी, गाउँपालिकालाई सेवामुलक, व्यवसायिक, आत्मनिर्भर र समुन्नत बनाउन प्राप्त श्रोतहरुको न्यायोचित तथा समानुपातिक वितरणको व्यबस्था गर्न, खर्चलाई व्यवस्थित,तालिकाबद्ध,मितव्ययी,पारदर्शी ढंगले परिचालन गर्न मध्यमकालिन खर्च संरचना तयारी र कार्यन्वयनले आबश्यक सहयोग गर्छ ।

अन्तर-सरकारी बित्त ब्यबस्थापन ऐन,२०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च तयार गर्नुपर्ने भन्ने उल्लेख गरिएको छ । उक्त खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य,प्रस्तावित योजनाको लागि सम्भावना अध्ययन गर्न वा खर्च छुट्याउन प्रस्तावित योजना कार्यन्वयन हुन सके आगामी आर्थिक वर्ष २०७८/०७९ र त्यस पछिका दुइ आर्थिक वर्ष मा प्राप्त हुन सके प्रतिफल र उपलब्ध, प्रस्तावित योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च ब्यहोर्ने श्रोत, खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धको प्रक्षेपण, प्रस्तावित योजनाको मध्यअवधीको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसंगको तादात्म्यता, संचालित योजना भए गत आर्थिक बर्षमा छुट्याइएको बजेट खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण समावेश गर्नु पर्ने कुरा उल्लेख गरिएको छ ।

मध्यकालिन खर्च संरचना तयार गर्दा गाउँपालिकाका आयोजनाहरु, योजना तर्जुमा सम्वन्धी दिग्दर्शनमा उल्लेखित आयोजनाहरु, योजना तर्जुमा सम्बन्धी दिग्दर्शनमा उल्लेखित आयोजनाहरु समेतको प्राथमिकिकरण गर्ने विधिद्धारा तय हुने छ । साथै गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरुको प्रयोग गरिएको छ भने प्रमुख रुपमा आवधिक योजनालाई मध्यनजर गरि आ.व.२०७८/०७९ देखि लागुहुने गरी खर्च संरचनाको खाका तयार गरिएको छ । जसमा पहिलो वर्षको खर्च र श्रोत अनुमानको वार्षिक वजेटसँग तादात्म्यता रहेको छ र वाकी २ वर्षको अनुमानित प्रक्षेपण गरिएको छ । पहिलो वर्षको वजेट कार्यन्वयन भएपछि त्यसको समिक्षा गरि अनुमान गरिएको दोस्रो वजेटलाई आवश्यक संशोधन गरि तयार गरिन्छ भने नयाँ एक वर्षको खर्चखाका प्रक्षेपण गरि थप गरिन्छ ।

मध्यकालिन खर्च संरचनाका उद्देश्यहरु निम्नलिखित छन् :

१.गाउँपालिकाको खर्च प्रणालीमा वित्त अनुशासन कायम गरि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको बास्तविक अनुमान गरि वजेट खाका तर्जुमा गर्ने ।

२. गाउँपालिकाको विकासका योजनाहरुको प्राथमिकता क्षेत्रमा लगानी सुनिश्चित गर्न श्रोत साधनको विनियोजन प्रकियाको पुनरसंरचना गरि प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा वजेटको वाँडफाँड गर्ने ।

३. खर्चलाई बढी प्रभावकारी र कुशल वनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

४. वार्षिक वजेटलाई आवधिक योजनासँग तालमेल मिलाउने ।

नेपालमा मध्यकालिन खर्च संरचना

मध्यकालिन खर्चसंरचना सुरुवात दशौ योजना (वि.स.२०५९ देखि ०६५) सँगसँगै भएको थियो । गणतन्त्र स्थापना पछि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा नेपाल सरकार,प्रदेश र स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा आगामी वर्षको तीन खर्चसंरचना तयार गर्नपर्ने बाध्यकारी व्यवस्था छ । सोहि अनुरुप नेपाल सरकार,गण्डकी प्रदेशले मध्यकालिन खर्चसंरचना तयार गरि कार्यन्वयन गरेको अबस्था छ । अन्नपूर्ण गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ देखि मध्यकालिन खर्चसंरचना तयार गरि कार्यन्वयन गर्ने नीति अनुरुप यो खर्चसंरचना तयार गरिएको हो ।

संस्थागत ब्यवस्था

गाउँपालिकामा मध्यकालिन खर्चसंरचना तयार गर्ने प्रयोजनको लागि छुट्टै संस्थागत ब्यवस्था कानूनी रुपमा नभए पनि वडा समिति, विषय क्षेत्रगत समितिहरु, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, योजना तर्जुमा समिति, कार्यपालिका तथा गाउँसभा मध्यकालिन खर्चसंरचना तयार गर्न संलग्न हुने समितिहरु हुन् ।

परिच्छेद-२ मध्यकालीन खर्च संरचना

आ.वा.२०७८/०७९-२०८०/०८१

नेपालको संविधानले तोकेका निर्देशक सिद्धान्त तथा नीतिहरुले निर्दिष्ट गरेका लक्ष्यहरु तथा स्थानीय तहलाई प्राप्त अधिकारको परिधि भित्र रही स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र ऐन कानुनहरु तर्जुमा गर्ने, नीति बनाउने, आयोजनाहरु छनोट गर्ने, बजेट तर्जुमा गरी आयोजनाहरुमा रकम विनियोजन गर्ने लगायतका अधिकारहरु प्राप्त भएका छन । प्रदेश र संघका आवधिक योजनाहरुले लिएको लक्ष्यहरुलाई पछ्याउदै तयार गरिएको गाउँपालिकाको आवधिक योजनाका लक्ष्यहरु परिपूर्ति गर्न मध्यकालीन खर्च संरचना तयार गरिन्छ । उल्लेखित अधिकारहरुको अधिनमा रही गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र आवधिक योजना तर्जुमा गर्ने, वार्षिक बजेट तयार गर्ने तथा वार्षिक बजेट र आवधिक योजनाको तादाम्यता मिलाउन मध्यकालीन खर्च संचरना तयार गर्नुपर्ने हुन्छ ।

२.१ सवल तथा दूर्वल पक्ष, चुनौती र अवसर

संघीय शासन प्रणाली अनुरुप यस गाउँपालिकाले पनि संघीय सरकार र प्रादेशिक सरकारले अवलम्बन गरेका विकास नीति र दीर्घकालीन सोचसँग तादाम्यता हुनेगरी विकास योजना तर्जुमा गरेको छ । कतिपय विकास नीति कार्यान्वयन गर्न माथिल्ला तह र छिमेकी स्थानीय तहका बीच पनि समन्वय र सहकार्यको आवश्यकता परेको अवस्थामा सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य गरी साझेदारीका कार्यक्रमहरूलाई सँगसँगै लिएर जानुपर्ने अवस्था रहेको छ । अन्नपूर्ण गाउँपालिकाका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारका सूचकहरूको स्थिति विश्लेषण गर्दा निम्नानुसारका समस्या र नयाँ गन्तब्य खोज्नुपर्ने चुनौती देखापरेका छन् :

क्र.सं.	क्षेत्र	समस्या	चुनौती
१	गाउँपालिकाको अर्थतन्त्र	निर्वाहमुखी अर्थतन्त्रको बाहुल्यता	उत्पादन, रोजगारमूलक र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने
२	कृषि	मनसुनी वर्षामा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र कम उत्पादकत्व	कृषिको यान्त्रिकीकरण र व्यावसायीकरण गरी उच्च उत्पादन र उत्पादकत्व हांसिल गर्दै बजार सुनिश्चित गर्ने ।
३	पर्यटन	स्थानीय उत्पादन र पर्यटनका बीच कमजोर सम्बन्ध ।	स्थानीय उत्पादनसँग पर्यटकको आकर्षण बढाउदै पर्यटन पूर्वाधारमा लगानी विस्तार गर्ने ।
४	उद्योग	लघु तथा साना उद्योगको मात्र उपलब्धता ।	कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना र संञ्चालन गर्न प्रोत्साहन गर्ने ।
५	वाणिज्य	आयातीत उपभोग्य वस्तु, निर्माण सामग्रीको वाहुल्यता र बढ्दो परनिर्भरता ।	स्थानीय श्रोतमा आधारित उपभोग्य वस्तु एवम निर्माण सामग्रीको उत्पादन र बिक्री वितरणमा जोड दिने ।
६	वित्तीय क्षेत्र	पालिकामा अवस्थित बैङ्क तथा वित्तीय संस्थाको उत्पादन क्षेत्रमा न्यून लगानी ।	वित्तीय संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी बढाउन आकर्षित गर्ने ।
७	विप्रेषण	युवा जनशक्ति विप्रेषण बजारमा संलग्न, तर आम्दानीको प्रयोग उपभोग्य बस्तु र सेवा खरिदमा खर्च ।	विप्रेषणबाट हुने बचत परिचालन गरी उत्पादन क्षेत्रमा लगानी गर्ने ।
८	सहकारी	सहकारी क्षेत्रको अधिकांश लगानी अनुत्पादक र उपभोग क्षेत्रमा गएको ।	सहकारी क्षेत्रलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने ।
९	वन	जनजीवीकाका वैकल्पिक उपार्जनसँग वन व्यवस्थापन प्रणाली जोडन नसकिएको ।	वैकल्पिक आर्थिक उपाजर्न सँगसँगै हुनेगरी वन व्यवस्थापन प्रणाली लागु गर्ने ।
१०	उर्जा	किमरुङ्गखोला, घट्टेखोला, मोदीखोला जस्ता ठाडा खोलामा जलविद्युत आयोजनाको सम्भावना भएर पनि उपयोग हुन	निजी क्षेत्रको सहकार्यमा जलविद्यतु , सौर्य र वायु ऊर्जाको उत्पादन गर्ने ।

क.सं.	क्षेत्र	समस्या	चुनौती
		नसकेको	
११	पूर्वाधार निर्माण	गुणस्तरीय भौतिक पूर्वाधारको अभाव	निश्चित समय सीमाभित्र निर्धारित लगानीमा आयोजना सम्पन्न गर्ने पद्धतिको विकास गर्ने ।
१२	अपाङ्ग मैत्री पूर्वाधार	विगतमा निर्माण भएका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री नभएका ।	नयाँ निर्माणगर्ने भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने ।
१३	वातावरण मैत्री पूर्वाधार	पहाडी धरातलमा पूर्वाधार निर्माणमा प्रयोग भएका डोजरले भू-क्षय, वातावरण प्रदुषित र प्रतिकुल बनेको।	पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री बनाउनु पर्ने ।
१४	मानव संसाधन विकास	स्थानीय बजारको मागसँग प्रत्यक्ष नजोडिएको र साधारण विषयको वर्चश्व रहेको सैद्धान्तिक शिक्षा प्रणाली ।	बजारको माग र स्थानीय उद्यमसँग जोडिएकोब्यावहारिक एवम प्राविधिक शिक्षामा रुपान्तरण गर्ने ।
१५	सिंचाई	जलाधार क्षेत्रका साना कुलोमा आधारित भएका र टार तथा भिरालो पहाडी भूभागमा सिचाइ सुविधा पुग्न नसकेको ।	पानीको अभाव भएका ठाउँमा पानी संकलन हुने पोखरी निर्माण गर्ने, मौसमी खेतीलाई जोड दिने ।
१६	खानेपानी	खानेपानीको दिगो स्रोत नभएका बस्तीहरूमा नियमित खानेपानीको आपूर्ति गर्ने समस्या ।	दिगो स्रोत नभएका वस्तीमा खानेपानी स्रोत संरक्षण र विस्तार गरी आपूर्ति गर्ने व्यवस्था गर्ने ।
१७	स्वास्थ्य	जनताका स्वास्थ्य समस्या शीघ्र समाधान गर्न बस्तिगत पहुँचमा सामुदायिक अस्पतालको अभाव र कमजोर स्वास्थ्य सेवा प्रणाली ।	बदलिंदो रोगको प्रकृति अनुसार आधारभूत र विशिष्टीकृत सेवा प्रभावकारी रुपमा प्रदान गर्ने प्रणालीमा रुपान्तरण गर्ने ।
१८	लैङ्गिक समानता	कानुनी रुपमा लैङ्गिक समानता प्राप्त भएको तर ब्यावहारिक अभ्यास नभएको ।	लैङ्गिक समानताका कानुनी प्राबधान र ब्यावहारिक अभ्यासमा सामञ्जस्यता विकास गर्ने ।
१९	श्रम र रोजगार	दक्ष र व्यवसायिक मानव संसाधनको अभाव र साधारण शिक्षा आर्जन गरेकोर बेरोजगार मानव संसाधन	बजारको माग अनुसार दक्ष श्रम शक्तिको उत्पादन गर्ने र रोजगारका अवसर प्रदान गर्ने।
२०	सूचना र सञ्चार	वडा र बस्तीस्तरमा इन्टरनेट, रेडियो रटिभीको कमजोर पहुँच ।	सूचना र संञ्चार प्रविधिको सबल पहँच सबै वडामा पुऱ्याउने ।
२१	योजना तर्जुमा	गाउँपालिकाको कमजोर तथ्याङ्क प्रणाली ।	गाउँपालिकामा तथ्याङ्क प्रणाली चुस्त र दुरुस्त बनाउन वडा सूचना केन्द्र र पालिका सूचना केन्द्रको स्थापना गर्ने ।
२२	राजस्व संकलन	राजस्वको संरचना, स्रोत र संकलनमा कमी	राजस्वका स्रोतहरूको पहिचान, विस्तार संरचना सुदृढ गर्ने ।
२३	जलवायु परिवर्तन	जलवायु परिवर्तनले स्थानीय उत्पादनमा प्रतिकुल प्रभाव ।	जलवायु परिवर्तनको प्रतिकुल प्रभाव बहन गर्नसक्ने जलवायु अनुकूलन उत्पादन प्रणालीको विकास गर्ने ।
२४	सुशासन	विद्युतीय शासन प्रणालीको अभावमा सार्वजनिक सेवा चुस्त र प्रभावकारी नभएको ।	विद्युतीय शासन प्रणालीको प्रयोगद्वारा सार्वजनिक सेवा चुस्त र प्रभावकारी बनाउने ।

२.२. दिर्घकालीन सोच तथा रणनीति

आवधिक योजनामा समावेश गरिएका दिर्घकालिन सोच तथा लक्ष्यहरु मध्यकालीन संरचनामा पनि समावेश गरिएको छ ।

दिर्घकालिन सोच

“कृषि, पर्यटन र पूर्वाधारः समृद्ध अन्नपूर्ण निर्माणका प्रमुख आधार”

लक्ष्य **"कृषि र पर्यटन विकासका माध्यमद्वारा गरिबी न्युनीकरणका रणनीति अवलम्बन गर्दै सुशासनयुक्त समृद्ध गाउँपालिका निर्माण गर्ने ।**

उद्देश्य

१.स्थानीय स्रोतहरुलाई आर्थिक समृद्धिको आधारका रुपमा विकास गर्दै सामाजिक क्षेत्र विकासका सूचकहरुलाई प्रदेश समृद्धिको मापदण्डमा पुऱ्याउनु ।

२. समृद्ध गाउँपालिका निर्माणका लागि सरकारी, निजी, सहकारी र गैह्र-सरकारी साझेदारीको विकास गर्नु ।

३. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी, पारदशी, सर्वसुलभ र उपलब्धिमूलक बनाउने

४.नागरिकहरुलाईसामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा र सुशासनको अनुभूति गराउनु ।

५.कृषि, पशुपालन, पर्यटन र जडिबुटीका क्षेत्रमा जोड दिने

रणनीति

उद्देश्य १: स्थानीय स्रोतहरुलाई आर्थिक समृद्धिको आधारका रुपमा परिचालन गर्दै सामाजिक क्षेत्र विकासका सूचकहरुलाई प्रदेश समृद्धिको मापदण्डमा पुर्‍याउनु ।

रणनीतिहरू

१.१ स्थानीय संभावनाको खोजी र उपयोग, विभिन्न गाउँपालिका र तहहरू बीच सहकार्य साझदेारी गरी उच्च उत्पादन र उत्पादकत्व हांसिल गर्ने ।

१.२ वैदेशिक रोजगारीबाट आर्जन भएको रकमलाई उत्पादन मूलक कार्यमा प्रयोग हुनगेरी कार्यक्रम तर्जुमा गर्ने, परनिर्भर र अन्तरनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भरता तर्फ डोऱ्याउने ।

१.३ वन तथा वातावरणको वैज्ञानिक व्यवस्थापन मार्फत् संरक्षण, सम्बर्द्धन र बजारीकरण गरी जनताको आर्थिक उपार्जन गर्ने ।

१.४ समृद्धि प्राप्तिका लागि आर्थिक एजेण्डालाई केन्द्रिय विषय बनाई सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा उत्पादनवृद्धि र रोजगार सृजना गर्दै उच्च आर्थिक बृद्धिदर हासिल गरी सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

उद्देश्य २: समृद्ध गाउँपालिकाका लागि निजी, सहकारी र सरकारी साझेदारीको विकास गर्नु ।

रणनीतिहरू

२.१ आन्तरिक पर्यटनलाई अर्थतन्त्रको प्रमुख आयामका रुपमा विकास गर्नेतथा कृषि र पर्यटनलाई जोडेरआधुनिकीकरण र व्यवसायीकरण गर्ने गरी कृषि विकास रणनीतिलाई पूर्ण कार्यान्वयनमा लैजाने ।

२.२ हालको निर्वाहमूखी कृषि प्रणालीलाई यान्त्रिकीकरण र व्यवसायीकरण गर्ने, सिँचाइ सुबिधाको विस्तार गर्ने, उच्च उत्पादन दिने खालका उन्नत बिउ र प्राविधिक सहयोगको विस्तार गरी कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हांसिल गर्ने ।

२.३ पर्यटन, कृषि र लघु उद्यम जस्ता उत्पादनसँग प्रत्यक्ष सम्बन्धित भएका क्षेत्रका लागि चाहिने भौतिक पूर्वाधारहरू निर्धारित समय र न्यून लागतमा उच्च गुणस्तरयुक्त निर्माण सम्पन्न गरी दिगो र समावेशी आर्थिक बृद्धि गर्ने ।

२.४ गाउँपालिका स्थित विद्यालयहरुलाई प्राविधिक शिक्षातर्फ रुपान्तरण गर्न प्रोत्साहन गरी स्थानीय उत्पादनलाई चाहिने प्राविधिक मानव संसाधनको उत्पादन गर्ने ।

उद्देश्य ३: गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी, पारदर्शी र उपलब्धिमूलक बनाउदै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु ।

रणनीतिहरू

३.१ गाउँपालिकामा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका वालवालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत सामाजिक समूह, लोपोन्मुख जातिको सामाजिक सुरक्षा सुदृढ गर्ने ।

३.२ आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा गाउँपालिकाका सबै नागरिकको समान पहँच बृद्धि गर्ने ।

३.३ गाउँपालिकालाई व्यवस्थित र सुरक्षित आवास भएको विकसित क्षेत्रको रुपमा विकास गर्ने ।

३.४ गाउँपालिकाका हरेक वडालाई सूचना प्रविधि, सञ्चार क्षमतामा सुधार गर्दै पारदर्शी, उत्तरदायी र जनताका समस्याप्रति सम्वदेनशील शासन प्रणालीको विकास गर्ने ।

३.५ गाउँपालिकामा तथ्याङ्क प्रणालीको विकास र पहुँचका लागि वडा सूचनाकेन्द्र तथा पुस्तकालय सञ्चालन गर्ने ।

२.३. मध्यकालीन आर्थिक खाका

गाउँपालिकाको आवधिक योजनामा उल्लेखित लक्ष्यहरुका आधारमा आगामी ३ वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ । आर्थिक खाका तयार गर्दा कृषि तथा पशु क्षेत्रहरुको स्थलगत रुपमा गाँउपालिकाबाट संकलन भएको तत्थ्यांङ्कलाई आधार मानी तयार गरिएको छ । अन्य तत्थ्यांङ्कहरु आवधिक योजना तथा प्रदेशको पञ्चबर्षीय योजना समेतलाई आधार मानिएको छ । गाउँपालिकामा हाल बिस्तृत तथा समग्ररुपमा तत्थ्यांङ्क उपलब्ध नभएकोले विद्यमान अवस्था पहिचान गर्न समस्या रहेको तथा कमजोर क्षेत्रमा लगानीको सुनिश्चितता र लगानीको मात्रा पहिचान गर्न वैज्ञानिक आधार तयार नभएको देखिन्छ ।

२.४. प्रमुख नतिजा र सूचकहरू तथा लक्ष्य

समृद्ध नेपाल सुखी नेपालीको मूल राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाले संघ र प्रदेश सरकारका राष्ट्रिय एवं प्रादेशिक लक्ष्यहरुलाई पछ्याउदै जानु आवश्यक हुन्छ । गाउँपालिकाको विभिन्न सूचकहरुको तथ्याङ्क प्राप्त नभए पनि ३ वर्षको अवधीमा उक्त तथ्याङ्कहरु अद्यावधिक भइ तल उल्लेखित लक्ष्य हासिल गर्न सकिने विश्वास गर्न सकिन्छ ।

२.५. प्रमुख बिषय क्षेत्रगत सूचकहरू

कोरोना भाईरसको प्रभाव राष्ट्रिय रुपमा न्यूनीकरण भई देश सामान्य अवस्थामा फर्किएमा त्यसको सकारात्मक प्रभाव गाउँपालिकामा समेत पर्न जानेछ । गाउँपालिकाले ३ वर्षको अवधीमा कृषि, पशुपालन उद्योगहरुको स्थापना, लगायतका कार्यहरुमा प्रगति हासिल गर्न सके उल्लेखित लक्ष्यहरु हासिल गर्न सकिन्छ ।

तालिका १ प्रमुख नतिजा तथा सूचकहरु

क.सं.	सूचक लक्ष्य	एकाई	२०७८ / ०७९ को उपलब्धी	२०७९ /०८०	२०८० /०८१	२०८१ /०८२
१	आर्थिक बृद्धिदर	%			८.५	१०
२	गरिविको रेखा मनि रहेको	%		१२.८	८	७
३	बह-आयामिक गरिविको सूचकहरु	%				
४	१५-२४ वर्षउमेर समूहको सक्रियता दर	%				
५	मानव विकास सूचकाङ्क	%		०.६१	०.६६	०.६५

क.सं.	सूचक लक्ष्य	एकाई	२०७८ / ०७९ को उपलब्धी	२०७९ /०८०	२०८० /०८१	२०८१ /०८२
६	लैंगिक सशक्तिकरण	%				
७	प्रति व्यक्त आय	%		१०००	१३५०	१५९५
८	GDP को प्रचलित मुल्य	रु लाखमा			४४८५१५	

२.५प्रमख विषय क्षेत्रगत सूचक

कोरोना भाइरसको प्रभाव राष्टिय रुपमा न्यूनिकरण भई सामान्य अवस्थामा फर्कीएमा त्यसको सकरात्मक प्रभाव गाउँपालिकामा समेत पर्न जानेछ । गाउँपालिकाले तीन वर्षको अवधिमा कृषि, पशुपालन, पर्यटन र जडिवुटिहरुको उत्पादनको कार्यमा प्रगति गर्न सके उल्लेखित लक्ष्यहरु हासिल गर्न सकिन्छ ।

तालिका २ प्रमुख विषय क्षेत्रगत सूचक तथा लक्ष्यहरु

क.स.	सूचक लक्ष्य	काई	०७ ८ / २०७९को उपलब्धी	२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
क.	**आर्थिक विकास**					
१	खाद्यान्न बाली (उत्पादन)	क्वीन्टल	३९४६७	४३४१४	४७७५५	५२५३१
२	व्यवसायिक पशुपालन	संख्या	५९	६५	७१	७९
३	व्यवसायिक कृषि फर्म	संख्या	३८	४२	४६	५१
४	रोजगारी श्रृजना	संख्या		५००	१०००	२०००
५	उद्योग स्थापना	संख्या	९०७	९९८	१०९७	१२०७
६	पर्यटन गन्तब्यको निर्माण	संख्या	२३	२५	२८	३१
७	पर्यटक संख्या	संख्या				
८	होमस्टेको संख्या	संख्या	६८	७५	८२	९१
९	सहकारीको संस्थागत विकास	संख्या	२१	२३	२५	२८
ख.	**सामाजिक विकास**					
१०	खुद भर्ना दर					
अ.	आधारभुत तह (कक्षा १-५)					
आ.	आधारभुत तह (कक्षा ६-८)					
इ.	माध्यमिक तह (कक्षा ९-१२)					
	विद्यालय छोड्नेदर					
११	(प्रति कक्ष/खदु भर्नाको आधारमा)					
१२	साक्षरता प्रतिशत		८६	९०	९५	१००
१३	एस.ई.ई. मा B ग्रेड भन्दा माथी ल्याउनेको प्रतिशत					
१४	विद्यालय मर्ज व्यस्थापन					
१५	मातृ मृत्यूसंख्या					
१६	छ वर्षमुनिका बाल मृत्यूसंख्या		४७	२४	१२	६
१७	स्वास्थ संस्थाहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकास र व्यवस्थापन		३२	३५	३९	४३
१८	सफा खानेपानी प्राप्त गर्नेको प्रतिशत		८६.९४	९१	९५	१००

क.स.	सूचक लक्ष्य	काई	०७८ / २०७९को उपलब्धी	२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
१९	पर्णुसरसफाई युक्त गाउँपालिका					
२०	लैंगिक समानता र सामाजिक समावेशीकरण					
२१	लैंगिक मैत्री बजेट प्रतिशत					
२२	लक्ष्यत वर्गको कार्यक्रम प्रतिशत					
ग.	**पूर्वाधार विकास**					
२३	नयाँ सडक निर्माण किमी		१५	१७	१८	२०
२४	सडकको स्तरोन्नति किमी		१३	१४	१६	१७
२५	झोलुङ्गपुल निर्माण		२	३	४	५
२६	पक्की पुल निर्माण		३	३	३	३
२७	सिंचाई (क्षेत्रफल)					
२८	गाउँपालिकाको प्रशासनिक भवन निर्माण	कामको %				
२९	वडा कार्यालय भवन निर्माण	संख्या	६	११		
३०	अस्पताल निर्माण	कामको %	३०	३०	३०	१०
३१	स्वास्थ्य चौकी भवन निर्माण	संख्या	१०	२		
३२	जनता आवाश अन्तर्निजी घर निर्माण	संख्या				
३३	नक्सापास गरी निजि घरहरु निर्माण	संख्या				
३४	विद्यालय भवन निर्माण	संख्या		५	५	५
३५	जलविद्युत उत्पादन	कि.वा.				
३६	ईन्टरनेटको पहुच पगेुको जनसंख्या	%	१६	२२	३१	४४
३७	पर्यटन पदमार्ग निर्माण	संख्या	५	२	२	२
३८	गोरेटो बाटो निर्माण	किमि	७	१०	१०	१०
घ.	**वन, वातावरण तथा विपद् व्यवस्थापन**					
३९	सामुदायिक वनबाट काठ उत्पादन					
४०	मुल संरक्षण					
४१	पोखरी निर्माण		१०	१०	१०	१०
४२	नदि कटान रोगथाम					
४३	विपद् व्यवस्थापन कोष रकम	रु	७८ लाख	८० लाख	८० लाख	८० लाख
ङ.	सूशासन तथा संस्थागत विकास					
४४	जनशक्तिको परिपुर्ति		५०.००%	२०.००%	२०.००%	१०.००%
४५	ऐन, कानूनहरुको तर्जुमा		२५	५	५	५
४६	आन्तरिक आम्दानी	रु लाख	२००	२२०	२४२	२६६
४७	बेरुजू फर्छ्यौट					
४८	अनलाईन सेवा गर्ने वडासंङ्ख्या			५	११	११

परिच्छेद-३

मध्यकालीन खर्च संरचनाको बजेट बिनियोजन र प्रक्षेपण

३.१. बजेट स्रोतको अनुमान

गाउँपालिकाले स्रोत अनुमान गर्दा देहायका आधार अपनाइएको छ ।

१.मध्यकालिन खर्च संरचनाको तयारिका लागि आधार वर्षका रुपमा आर्थिक वर्ष २०७८-७९ को यथास्थितिलाई लिइएको छ । सोहि आधारमा आर्थिक वर्ष २०७९-८० को बिनियोजित खर्च बजेट तथा उक्त आ.व.को आन्तरिक आम्दानी,राजस्व बाडफाँड, अनुदान प्राप्तिको अनुमान समेत भएको छ । त्यस्तै दोश्रो र तेश्रो वर्षको आय ब्ययको प्रक्षेपण गर्दा गाउँपालिकाको गाउँ आवधिक योजनाका लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ ।

२. संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड,समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान, समपुरक अनुदान तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाड, समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान, समपुरक अनुदानको अनुमान तथा प्रक्षेपण गरिएको छ ।

३. त्यसैगरी रोयल्टीबाट गाउँपालिकालाई प्राप्त हुने राजस्वलाई समेत आधार बनाईएको छ ।

४.उल्लेखित आधारलाई विश्लेषण गर्दा तीनवर्षको अवधीमा कुल बजेट रु २,७३,९८,५०,००० रहने प्रक्षेपण गरिएको छ ।

३.२ बजेट बिनियोजन तथा प्रक्षेपण बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपण विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

अ.कार्यक्रम तथा आयोजनाको प्राथमिकताको बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ त्रिबर्षिय बजेट खाका

मध्यकालीन खर्चअनुमान						
क.स.	विवरण	२०७८ /०७९ को अनुमान (रु. हजारमा)	२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)	तीन वर्षको कुल अनुमान (रु. हजारमा)
१	संघिय समानिकरण	१०५,७००,०००	११६,२७०,०००	१२७,८९७,०००	१४०,६८६,७००	३८४,८५३,७००
२	संघिय राजस्व बाडँफाडँ	८७,०८४,०००	९५,७९२,४००	१०५,३७१,६४०	११५,९०८,८०४	३१७,०७२,८४४
३	सघिय समपुरक अनुदान	२०,८००,०००	२२,८८०,०००	२५,१६८,०००	२७,६८४,८००	७५,७३२,८००
४	संघिय विशेष अनुदान	८,७००,०००	९,५७०,०००	१०,५२७,०००	११,५७९,७००	३१,६७६,७००
५	संघिय सशर्त	२८५,८००,०००	३१४,३८०,०००	३४५,८१८,०००	३८०,३९९,८००	१,०४०,५९७,८००

मध्यकालीन खर्चअनुमान						
क.स.	विवरण	२०७८ /०७९ को अनुमान (रु. हजारमा)	२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)	तीन वर्षको कुल अनुमान (रु. हजारमा)
६	प्रदेश समानिकरण	११,९६०,०००	१३,१५६,०००	१४,४७१,६००	१५,९१८,७६०	४३,५४६,३६०
७	प्रदेश राजश्व बाडँफाडँ	५,२७८,०००	५,८०५,८००	६,३८६,३८०	७,०२५,०१८	१९,२१७,१९८
८	आन्तरिक आय	२०,०००,०००	२२,०००,०००	२४,२००,०००	२६,६२०,०००	७२,८२०,०००
९	गत वर्षको अल्या	५०,५००,०००	५५,५५०,०००	६१,१०५,०००	६७,२१५,५००	१८३,८७०,५००
१०	गरिबसँग विश्वेश्वर	८००,०००	८८०,०००	९६८,०००	१,०६४,८००	२,९१२,८००
११	PLGSP प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम	४००,०००	४४०,०००	४८४,०००	५३२,४००	१,४५६,४००
१२	सामाजिक सुरक्षा भत्ता	१५५,४७८,०००	१७१,०२५,८००	१८८,१२८,३८०	२०६,९४१,२१८	५६६,०९५,३९८
			८२७,७५०,०००	९१०,५२५,०००	१,००१,५७७,५००	२,७३९,८५२,५००

३.२ बजेट विनियोजन तथा प्रक्षेपणको बाँडफाँड

आगामि तीन बर्षको वजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलानात्मक विवरण देहाय बमोजिम रहेको छ ।

३.२.१ कार्यक्रम तथा आयोजनाको प्राथमिकता क्रम वमोजिम तीन आर्थिक वर्षको वजेट अनुमान तथा प्रक्षेपण तालिका निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका ४ आयोजनाहरुको प्राथमिकताको आधारमा बजेट बिनियोजन

प्राथमिकता	कार्यक्रम	२०७९ /०८० को अनुमान (रु. हजारमा)		२०८० / ०८१को अनुमान (रु. हजारमा)		२०८१ / ०८२ को अनुमान (रु. हजारमा)	
क्र सं	संख्या	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
पहिलो प्राथमिकता प्राप्त आयोजना (एज्ञ)		१५९५००	१९.२७	१६६८००	१८.३२	१७५८००	१७.५५
दोस्र प्राथमिकता प्राप्त आयोजना (ए२)		१६२६५०	१९.६५	२१८१५०	२३.९६	२४७५५०	२४.७२
सांकेतिकरण नगरिएको		५०५६००	६१.०८	५२५५७८.६५	५७.७२	५७८२२१.२८३	५७.७३
जम्मा		८२७७५०	१००.००	९१०५२९	१००.००	१००१५७१	१००.००

३.२.२ दिगो बिकास लक्ष्यको आधारमा बजेट बाँडफाँड

तालिका ५ दिगो बिकास लक्ष्यको आधारमा देहाय बमोजिमको बजेट बाँडफाँड

संकेत	दीगो विकास लक्ष्य	कार्यक्रम	२०७९ /०८० को अनुमान (रु. हजारमा)		२०८० / ०८१को अनुमान (रु. हजारमा)		२०८१ / ०८२ को अनुमान (रु. हजारमा)	
		संख्या	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	गरिवीको अन्त	३	१०००	०.१४	१५००	०.१७	१५००	०.१३
२	शुन्य भोकमरि	३७	२७१००	३.७७	३८१५०	४.४१	४७५५०	४.१०
३	स्वास्थ्य जीवन	१६	२८२००	३.९२	३२०००	३.७०	३४०००	२.९३
४	गणस्तरीय शिक्ष	१५	८२५०	१.१५	९०००	१.०४	१००००	०.८६
५	लैंगिक समानता	९	५७००	०.७९	४७००	०.५४	४७००	०.४१
६	दीगो सफापानी तथा सरसफाई	१२	३४८००	४.८४	३९३००	४.५४	४०८००	३.५२
७	आधुनिक ऊर्जामा पहुच	३	२५००	०.३५	२५००	०.२९	२५००	०.२२
८	समावेशी आर्थिक बृदी तथा मर्यादित काम	६	२७००	०.३८	२७००	०.३१	२७००	०.२३
९	उद्योग, नवीन खोज र पूर्वाधार	२७	१४३००	१.९९	२४३००	२.८१	२५३००	२.१८
१०	असमानता न्युनीकरण	०	०	–		–		–
११	दिगो शहर र बस्तहरु	१७	१६७५००	२३.२९	१९५३००	२२.५६	२१७३००	१८.७४
१२	दिगो उपभोग तथा उत्पादन	०	०	–		–		–
१३	जलवायू परिवर्तन अनुकुलन	०	०	–		–		–
१४	सामुन्द्रिक श्रोत को उपयोग	०	०	–		–		–
१५	भू-सतह श्रोत को उपयोग	२८	१७८००	२.४८	२३८००	२.७५	२१७३००	१८.७४
१६	शान्तपूर्ण, न्यापूर्णर सशक्त समाज	२२	१०४००	१.४५	१०१००	१.१७	१२१००	१.०४
१७	दिगो विकासका लागि साझेदारी	०	०	–		–		–
	खुल्न नसक्ने	३२	३९८८५०	५५.४७	४८२३५०	५५.७२	५४४०५०	४६.९१
	जम्मा	२२७	७१९१००	१००.००	८६५७००	१००.००	१ङ्क+०६	१००.००

३.२.३ लैगिक संकेतको आधारमा बजेट बाँडफाँड

तालिका ६ लैगिक संकेतको आधारमा बजेट बाँडफाँड

संकेत	लैगिक संकेत	कार्यक्रम	२०७९ /०८० को अनुमान (रु. हजारमा)		२०८० / ०८१को अनुमान (रु. हजारमा)		२०८१ / ०८२ को अनुमान (रु. हजारमा)	
		संख्या	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	प्रत्यक लाभ	१४	९७००	१.३५	१३७००	१.५८	१४७००	१.५२
२	अप्रत्यक लाभ	८५	२५४३००	३५.३६	३०४८००	३५.२१	३४०१००	३५.१२
३	तटस्थ	१०६	७६०५०	१०.५८	८४८५०	९.८	८९९५०	९.२९
४	नखुलेको	२२	३७९०५०	५२.७१	४६२३५०	५३.४१	५२३७५०	५४.०८
			७१९१००		८६५७००		९६८५००	

ई. प्रमखु विषय क्षेत्रगत आधारमा बजेटको बाँडफाँड स्वास्थ्य

त्रिबर्षिय बजेट अनुमान तथा प्रक्षेपणको विषय क्षेत्रगत खर्च अनुमान (रु.हजारमा)

तालिका ७ प्रमखु विषय क्षेत्रगत आधारमा बजेटको बाँडफाँड

क्रम	विषय क्षेत्र	विषय उपक्षेत्र	आव २०७८/०७९ को विषय क्षेत्रगत बया अनुमान(रु हजार मा)				आव २०७९/०८० को विषय क्षेत्रगत बया अनुमान (रु हजार मा)				आव २०८०/०८१ को विषय क्षेत्रगत बया अनुमान (रु हजार मा)			
			कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन	कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन	कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन
१	आर्थिक विकास	कृषि	२८,१००	२,०६३	२६,०३८		३९,६५०	२,०६३	३७,५८८		४९,०५०	२,०६३	४६,९८८	
२		पर्यटन	२१,६००	४६०	३,९४०		२६,६००	४६०	३,९४०		२७,६००	४६०	९,९४०	
३		उद्योग तथा बाणिज्य	६,२००	७००	५,५००		११,२००	७००	१०,५००		११,२००	७००	१०,५००	
४		सहकारी	२,२००	७५०	१,४५०		२,२००	–	२,२००		२,२००	–	२,२००	
५		भुमि ब्यबस्थापन	२,४००	२५०	२,१५०		४,४००	–	२,०००		३,६००	–	३,६००	
६		खानी तथा खनिज	२००	५०	१५०		२००	–	२००		२००	–	२००	
७		सर्शत तथा अन्य आयोजनाहरु												
	जम्मा		६०,७००	४,२७३	३९,२२८		८४,२५०	३,२२३	५६,४२८		९३,८५०	३,२२३	७३,४२८	
१	सामाजिक विकास	शिक्षा	२८,७५०	४४५	८,३०५		३९,७००	–	९,७००		५१,०००			
२		स्वास्थ्य	२८,२००	२,८००	२५,४००		३२,०००	–	३२,०००		३४,०००			
३		खानेपानी तथा सरसफाई	२४,८००	७००	२४,१००		२७,३००	–	२७,३००		२६,८००			
४		संस्कृति संरक्षण	५,३००	१,२५०	४,०५०		५,३००	–	५,३००		५,३००			
५		लैंगिक समानता तथा सामाजिक समावेशीकरण	५,७००	८००	४,९००		४,७००	–	४,७००		४,७००			
६		सर्शत तथा अन्य आयोजनाहरु												
	जम्मा		**९२,७५०**	**५,९९५**	**६६,७५५**		**१०९,०००**	**–**	**७९,०००**		**१२१,८००**	**–**	**–**	
१	पुर्बाधार	सडक तथा पुल	१३५,२००	–	१३५,२००		१६३,०००	–	१६३,०००		१८५,०००	–	१८५,०००	

क्रम	विषय क्षेत्र	विषय उपक्षेत्र	आव २०७८/०७९ को विषय क्षेत्रगत बया अनुमान(रु हजार मा)				आव २०७९/०८० को विषय क्षेत्रगत बया अनुमान (रु हजार मा)				आव २०८०/०८१ को विषय क्षेत्रगत बया अनुमान (रु हजार मा)			
			कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन	कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन	कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन
२	विकास	सिंचाई	१०,०००	–	१०,०००		१२,०००	–	१२,०००		१४,०००	–	१४,०००	
३		भवन तथा शहरी विकास	२७,०००	–	२७,०००		२७,०००	–	२७,०००		२७,०००	–	२७,०००	
४		उर्जा	२,५००	–	२,५००		२,५००	–	२,५००		२,५००	–	२,५००	
५		संचार	१,६००	–	१,६००		१,६००	–	१,६००		१,६००	–	१,६००	
६		सर्शत तथा अन्य आयोजनाहरु												
	जम्मा		**१७६,३००**	**–**	**१७६,३००**		**२०६,१००**	**–**	**२०६,१००**		**२३०,१००**	**–**	**२३०,१००**	
१	वन तथा वातावरण	बन तथा भू(संरक्षण	११,२००	७००	१०,५००		१४,२००	–	१४,२००		१५,२००	–	१५,२००	
२		जल उत्पन्न प्रकोप नियन्त्रण ,विपद ब्यबस्थापन	३,५००	–	३,५००		४,०००	–	४,०००		३,०००	–	३,०००	
३		फोहोरमैला व्यवस्थापन	५००	५००	–		१,०००	–	१,०००		४,०००	–	४,०००	
४		सर्शत तथा अन्य आयोजनाहरु												
	जम्मा		**१५,२००**	**१,२००**	**१४,०००**		**१९,२००**	**–**	**१९,२००**		**२२,२००**	**–**	**२२,२००**	
१	सुशासन तथा संस्थागत विकास	मानव संसाधन विकास												
२		संस्थागत क्षमता विकास	१०,४००	७५०	९,६५०		१०,१००	–	१०,१००		१२,१००	–	१२,१००	
३		वित्तिय व्यवस्थापन	१,०००	–	१,०००		१,०००	–	१,०००		१,०००	–	१,०००	
४		सर्शत तथा अन्य आयोजनाहरु												
	जम्म		**११,४००**	**७५०**	**१०,६५०**		**११,१००**	**–**	**११,१००**		**१३,१००**	**–**	**१३,१००**	
१	प्रशासनिक खर्च	पारिश्रिक, भत्ता र अन्य सुबिधा	२३०,०००	२३०,०००	–		२३०,०००	२३०,०००	–		२५३,०००	२५३,०००	–	
२		कार्यालय संचालन खर्च	१५०,०००	१५०,०००	–		१६५,०००	१६५,०००	–		१७८,९९२	१७८,९९२	–	
३		विमा,इन्धन तथा मर्मत,इत्यादि	७,०००	७,०००	–		७,७००	७,७००	–		८,४७०	८,४७०	–	

क्रम	विषय क्षेत्र	विषय उपक्षेत्र	आव २०७८/०७९ को विषय क्षेत्रगत बया अनुमान(रु हजार मा)				आव २०७९/०८० को विषय क्षेत्रगत बया अनुमान (रु हजार मा)				आव २०८०/०८१ को विषय क्षेत्रगत बया अनुमान (रु हजार मा)			
			कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन	कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन	कुल जम्मा	चालु	पुजीगत	वित्तीय ब्यबस्थापन
४		अनुगमन तथा भ्रमण	४,५००	४,५००	–		४,५००	४,५००	–		४,५००	४,५००	–	
५		भैपरी र विविध	३१,९००	३१,९००	–		२५,३१३	२५,३१३	–		२६,५७८.२८	२६,५७८	–	
	जम्मा		**४२३,४००**	**४२३,४००**	**–**		**४३२,५१३**	**४३२,५१३**	**–**		**४७१,५४०**	**४७१,५४०**	**–**	
१	अन्य कोषहरु र आयोजना	विपद् व्यवस्थापन कोष	१,०००	१,०००	–		१,०००	१,०००	–		१,०००	१,०००	–	
२		कर्मचारी कल्याण कोष	१,०००	१,०००	–		१,०००	१,०००	–		१,०००	१,०००	–	
३		समपुरक कोष	६,०००	६,०००	–		६,०००	६,०००	–		६,०००	६,०००	–	
४		समपूरक आयोजनाहरुको लागि	४०,०००	४०,०००	–		४०,०००	४०,०००	–		४०,०००	४०,०००	–	
५		सर्शत तथा अन्य आयोजनाहरु					३६६	३६६	३६६		९८१	९८१	९८१	
	जम्मा		**४८,०००**	**४८,०००**	**–**		**४८,३६६**	**४८,३६६**	**३६६**		**४८,९८१**	**४८,९८१**	**९८१**	

परिच्छेद-४

क्षेत्रगत उपलब्धि :चुनौती, अवसर र रणनीति

४.१. आर्थिक विकास

क.कृषि र पशुविकास

१. पृष्ठभुमि

गाउँपालिकाको मुख्य पेशा पर्यटन,कृषि र पशुपालन नै हो । पर्यटकीय स्थल,घाँस र चरन क्षेत्रको व्यापक प्रयोग गरी पर्यटन,कृषि र पशुपालनलाई व्यवसायीक बनाउन सकिने प्रबल सम्भावना छ भने स्थानिय रैथाने बालीहरु कोदो, जौ, मकै, आलु फापर, केराउ लगायत होमस्टे जस्ता स्थानीय व्यवसाय तथा बालीहरुको विकास गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ । किवि, ओखर, अलैची खेती तथा होमस्टे लगायत फलफुल तथा नगदेबालीहरुको विकास गरी गाउँपालिकालाई आत्मनिर्भर र व्यवसायिक गराउन सकिने सम्भावना रहेको छ ।

२. चुनौती तथा अवसर

सवल पक्ष ,	दूर्वल पक्ष
संघ र प्रदेश सरकारबाट सर्शत, समानिकरण, समपूरक र विशेष अनुदानहरु प्राप्त हुने	बजार व्यबस्थापनर बजारसम्मको सहज पहुँच बढाउन ।
उत्पादन मुलकहावापानी र माटो रहेको छ	युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा देखिएको श्रम अभावलाई सम्बोधन गर्नु,
परम्परागत सीप प्रविधीको प्रयोग भएको छ । जैविक खेति तर्फ कृषकहरु आकर्षित छन।	जग्गा बाँझो राख्ने प्रवृत्ति
हिमाली,लेकाली, पहाडी र तीन किसिमका भू–बनोट भएकाले यहाँको कृषिमा विविधता पाइन्छ ।	मनसुनी वर्षामा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र कम उत्पादकत्व ।
अवसर	**चुनौती**
संघ र प्रदेश सरकारबाट सर्शत, समानिकरण, समपूरक र विशेष अनुदानहरु प्राप्त हुने हुनाले गाउँपालिकाको आम्दानीको क्षेत्र बृहत रहेको छ ।	सन २०२० को सुरुवात सँगै देखिएको कोभिड-१९ ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थ तन्त्रमा पार्ने प्रभावको कारण उत्पादन मूलक क्षेत्रमा परेको असरले राष्ट्रिय आम्दानी घट्ने सम्भाबना रहेकोले गाउँपालिकाले प्राप्त गर्ने विभिन्न प्रकारका अनुदानहरु कटौती हुने सम्भाबना छ ।
स्थानीय तहमा जनप्रनिधिहरुको उपस्थितीमा वार्षिक एवम बहुवर्षिय आयोजनाहरु टोलबस्ति स्तरबाट छनोट गर्ने	मध्यकालिन खर्च संरचनामा अनुमान गरिएको श्रोत नपुग भई आयोजना प्रभावित हुने सम्भाबना रहेको मध्यकालीन खर्च संरचना तयार गर्न स्थानीय तहमा संस्थागत र जनशक्तिगत व्यवस्थाको अभाव
चरनको प्रयाप्त सम्भावना छ।	सन् २०२० को सुरुवात सँगै देखिएको कोभिड-१९ ले राष्ट्रिय अर्थ तन्त्रमा पार्ने प्रभावको कारण यस पालिकामा पनि परेकोले आम्दानी घट्ने
सिंचाई सुविधा विस्तार गर्न सहज छ ।	संघ र प्रदेश सरकारबाट कृषि र पशुपालन क्षेत्रमा

	सहयोग प्राप्त नहुने सम्भावना रहेको ।
पर्यटन र बजारमूखी कृषि उत्पादन गर्न सकिने तथा नजिकै प्रादेशिक राजधानी शहर पोखराको पर्यटन बजारका लागि विषादी रहित कृषि उत्पादनको बजारीकरण गर्न सक्ने सम्भावना कृषि विकासका अवसर हुन् ।	सीप र प्रविधीलाई आधुनिक बनाई उत्पादन र उत्पादकत्व बढाउन ।
वातावरण मैत्री नमुना कृषि गाउँको स्थापना गर्ने कार्यमा प्रदेश सरकारबाट यस गाउँपालिकालाई पनि समेटेको हुनाले विदेशबाट फर्किएका युवाहरूको सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा युवा परिचालन र पर्यटन व्यवसायलाई कृषि उत्पादनसँग जोड्न प्रोत्साहन गर्नु यस क्षेत्रका अवसरहरू हुन् ।	युवाहरुलाई कृषि तथा पशुपालन तफ र्आकर्षित गर्न, अनुदानमूखी कृषि कार्यक्रमहरूको वैज्ञानिक अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमहरूलाई थप परिस्कृत गर्दै लजानै
	कृषि र पशुपालनलाई व्यशायिक बनाउन । स्थानगत कृषिको यान्त्रिकीकरण र व्यावसायीकरण गरी उच्च उत्पादन र उत्पादकत्व हांसिल गर्दै बजार सुनिश्चित गर्ने ।

३.सोच

कृषि उत्पादनमा आत्मनिर्भर हुने ।

४.लक्ष्य

- व्यवसायिक कृषि उत्पादनका लागि कृषकहरुको संस्थागत संरचना स्थापना गर्ने ।
- प्रमुख खाद्यान्नबाली मकै, कोदो, आलु, गहुँ र धान उत्पादनमा आत्मनिर्भरता ल्याउने ।
- फलफूल तथा तरकारी र दलहन बालीको नियमित रुपमा आयात प्रतिस्थापन गर्ने ।

४.उद्देश्य

१. कृषि समूह तथा सहकारीहरु प्रवर्द्धन गर्नु ।
२. भू-उपयोगका आधारमा स्थानीय योजना निर्माण गर्नु ।
३. कृषि पर्यटन र स्थानीय बजार केन्द्र विकास गर्नु ।
४. जलवायु अनुकूलन कृषि प्रणालीको विकास गर्नु ।

क.५. रणनीति र कार्यनीति

उद्देश्य १:कृषि समूह तथा सहकारीहरु प्रवर्द्धन गर्नु ।	
रणनीति	**कार्यनीति**
१.१ किसानहरुलाई फर्म तथा समूहदर्ता मार्फत संगठित गरी परिचालन गर्ने ।	१.१.१ वार्षिक कृषि कार्यपात्रो तर्जुमा गरिने छ । १.१.२ हरेक वडामा विषयगत कृषि समूह निर्माणगरी तिनीहरुलाई सहकारीमा आवद्ध गराई कृषि र पशु उद्यममा आधारित एक घर, एक स्वरोजगार अभियान अगाडि बढाइनेछ ।
१.२ विपन्न परिवार पहिचान गरी सावर्जनिक जग्गामा कृषि उत्पादन गर्नलाईप्रोत्साहन गर्ने ।	१.२.१ वडास्तरीय विपन्न परिवारको पहिचान गरिनेछ । १.२.२ विपन्न परिवारलाई कृषि र पशु उद्यम सञ्चालन का लागि निजी तथा सार्वजनिक जग्गा लिजमा दिने नीति तर्जुमा गरिनेछ ।

उद्देश्य २: भू-उपयोगको आधारमा स्थानीय योजना निर्माण गर्नु ।	
रणनीति	**कार्यनीति**
२.१ हरेक उत्पादनको पकेटक्षेत्र पहिचान गरी विस्तार गर्ने	२.१.१ हरेक उत्पादनको पकेटक्षेत्र पहिचान र विस्तार गरी कार्यान्वयन गरिनेछ ।
उद्देश्य ३: कृषि पर्यटन र स्थानीय बजार केन्द्र विकास गर्नु ।	
रणनीति	कार्यनीति
३.१ एकीकृत कृषि पर्यटन र बजारीकरण कार्यक्रम सञ्चालन गर्ने ।☐	१.३.१वडा स्तरमा कृषि पर्यटन समन्वय कार्यक्रम लागु गरिनेछ । १.३.३वडा स्तरीय कृषि बजार केन्द्र सञ्चालनगरिने छ । १.३.४ बजार सूचनाका आधारमा कृषि अनुदान कार्यक्रम लागु गरिनेछ ।
उद्देश्य ४: जलवायु अनुकूलन रैथाने खाद्य सुरक्षा रणनीति विकास गर्नु ।	
रणनीति	**कार्यनीति**
४.१ उन्नत प्रजातिको विकासका साथै स्थानीय प्रजातिको संरक्षण र जैविकखेती प्रवर्द्धन गर्ने । ४.२ एकीकृत कृषि, वन तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने । ४.३ खाद्य सुरक्षाका लागि पालिकाको खाद्यन्न वासलात दूरुस्त राख्ने ।	४.१.१ गाउँपालिका स्तरीय विउ वंकै , गोदाम घर तथा सेवा केन्द्र सञ्चालन गरिनेछ । ४.१.२ कन्दमुल तथा वैकल्पिक खाद्य विकास कार्यक्रम लागु गरिनेछ । ४.२.१ एकीकृत कृषि, वन तथा पशुपालन कार्यक्रमलाई अनुदानको प्राथमिकतामा राखिने छ । ४.२.२बाली तथा पशुधन सुरक्षाका लागि बिमा नीति लागु गरिनेछ। ४.३.१गाउँपालिकाको खाद्यन्न वासलात सर्वेक्षण गरि आत्मनिर्भरण अभियानलाई स्थानीयकरण गरिने छ । ४.३.२खाद्यान्नको महत्व बुझाउनका लागि 'खाना नफालौ' अभियान सञ्चालनगरिनेछ ।

६.कार्यक्रमका प्राथमिकता

१. कृषिलाई पर्यटनसँग जोड्ने ।
२. एकीकृत कृषि प्रणालीमा प्राथमिकता दिने ।
३. सहकारी प्रणालीमार्फत बजारमूखी उत्पादनमा जोड दिने ।
४.एक वडा एक कृषि बालीलाई प्राथमिकता दिने ।
५.खाद्य वासलात तर्जुमा र 'खाना नफालौ' अभियान सञ्चालनगर्ने ।

क.६.विषय क्षेत्रगत सूचक र नतिजा

तालिका ८ कृषिबालि कार्यक्रमसंग सम्वन्धित नतिजा सूचक र लक्ष्य

	सूचक	एकाई	०७८ / २०७९को उपलब्धी	२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
कृषि	आलु	क्वीन्टल		०	०	०
	मकै	ऐ	४,७७३	५२५०	५७७५	६३५३
	कोधो	ऐ	४,६५८	५१२४	५६३६	६२००
	जौ फापर	ऐ	१४०	१५४	१६९	१८६

	धान	ऐ	१४,२५९	१५६८५	१७२५४	१८९७९
	गोलभेडा	ऐ	१०७३	११८०	१२९८	१४२८
	लसनु	केजी	२४८४	२७३२	३००६	३३०६
	अदुवा	केजी	२९५५	३२५१	३५७६	३९३३
	खुर्सानी	केजी	१९८०	२१७८	२३९६	२६३५
	बेसार	केजी	२८६८	३१५५	३४७०	३८१७
	दुध	लिटर	१०८९५२५	११९८४७८	१३१८३२५	१४५०१५८
	मह	केजी	१३३	१४६	१६१	१७७
	अम्वा	क्वीन्टल	१२६	१३९	१५२	१६८
	नास्पाती	क्वीन्टल	६०	६६	७३	८०
	धनिया	केजी	७०६	७७७	८५४	९४०

तालिका ९ कृषि कार्यक्रमसंग सम्वन्धित नतिजा सूचक र लक्ष्य

क.सं.	सूचक	०७८ / २०७९को उपलब्धी	२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
आधुनिक कृषिमा लगानी	संख्या	१२६५००	१३९,१५०	१५३,०६५	१६८,३७२
आधुनिक कृषिमा थप रोजगारी	संख्या	४२६	४६९	५१५	५६७
कृषिमा आधारित उद्योगको संख्या	संख्या				
कृषि व्यवसायमा संलग्न थप कृषक, समूह, समिति र सहकारी	संख्या	७६	८४	९२	१०१
सहकारी आधुनिक कोल्ड स्टोर निर्माण	संख्या	१	२	३	५
बजार केन्द्रहरुको स्थापना र संचालन	संख्या	३	२	३	५
प्रशोधन केन्द्रको स्थापना र संचालन	संख्या	२	२	२	२
कृषि फर्म स्थापना	संख्या	३८	४६	५५	६६
एक वडा एक उत्पादन कार्यक्रम	संख्या	११	२२	४४	४४
सीपयुक्त सक्षम जनशक्ति उत्पादन	संख्या	६३५	६९९	७६८	८४५

तालिका १० पशु विकास कार्यक्रसंग सम्बन्धित नतिजा सूचक र लक्ष्य(क)

सूचक		एकाई	०७८ / २०७९को उपलब्धी	२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
पशुविकास	भैसी	संख्या	४२५६	४६८२	५१५०	५६६५
	बाखा भेडा	संख्या	६५५६	७२१२	७९३३	८७२६
	कुखरा	संख्या	७६६८८	८४३५७	९२७९२	१०२०७२
	गाई	संख्या	१८९०	२०७९	२२८७	२५१६
	चौरी	संख्या	१३०	१४३	१५७	१७३
	बंगुर	संख्या	८२	९०	९९	१०९
	घोडा खच्चर	संख्या	२४६	२७१	२९८	३२७

तालिका ११ पशु विकास कार्यक्रसंग सम्बन्धित नतिजा सूचक र लक्ष्य

सूचक		मध्यकालिन लक्ष्य			
आधुनिक पशुपंक्षि व्यवसाय	संख्या	०७८ / २०७९को उपलब्धी	२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
आधुनिक पशुपंक्षि व्यवसायमा लगानी	रु. हजार	0	-	-	-
पशुपंक्षिमा आधारित उद्योगको विस्तार	संख्या				
पशुपंक्षि पालनमा संलग्न कुल सक्रिय कृषक समूह, समिति र सहकारीको संख्या					
दुध	संख्या				
मासु	संख्या				
अण्डा	संख्या				
ऊन	संख्या				
माछा उत्पादन	संख्या				
छाला	संख्या				
प्रांगारिक मल	संख्या				
कृत्रिम गर्भाधान	संख्या				
उन्नत घासले ढाकिएको क्षेत्रफल	हेक्टर				
घासको विउ उत्पादन	मे.ट.				
सुधारिएको मासुपसल					
पशुपुंक्षिको खोप सेवा	संख्या				
पशुपंक्षिको निदान तथा उपचार	संख्या				

ख.पर्यटन विकास

ख.१.पृष्ठभूमि

प्राकृतिक र साँस्कृतिक सम्पदाको धरोहर अन्नपूर्ण गाउँपाललिकामा विद्यमान पर्यटन क्षेत्रहरु सेवामूलक र रोजगारीका दृष्टिकोणले समृद्धिका प्रमुख सम्वाहक मानिन्छन् । यस गाउँपालिकामा रहेका ग्रामीण पर्यटन र संस्थागत (कर्पोरेट) पर्यटकिय गन्तव्यहरुले पहिलेको नुनमार्ग देखि अहिलेको मुक्तिनाथ पदमार्ग समेतको ऐतिहासिकता झल्काउँछन् । अन्नपूर्ण परिक्रमा पर्या-पर्यटनका हिसाबले पनि यहाँको आर्थिक तथा सामाजिक समृद्धिमा पर्यटन क्षेत्रले अहम् भूमिका खेलेको पाइन्छ । यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक हुन्छ । यस गाउँपालिकामा संञ्चालित रेस्टुरेण्ट र होटेल, घरबास पर्यटन र रिसोर्टहरु करिव ५७१ छन् । हरेक वडामा पर्यटकीय सेवाका लागि न्यूनतम १० देखि अधिकतम १५७ वटा यस्ता निजी प्रयासहरु सक्रिय रहेका छन् । स्थानीय पर्यटन समिति र सूचना केन्द्रलाई वडा सूचना केन्द्रसँग जोडेर नियमन र प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्न सकिएमा पालिकाको समृद्धिका लागि महत्वपूर्ण सम्बाहक हुन सक्ने भएकाले पर्यटन र स्थानीय कृषिलाई आर्थिक विकासको प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ख.२.चुनौती तथा अवसर

सबल पक्ष	कमजोर पक्ष
नागरिक जीवनमा पर्यटनमैत्री संस्कृति, पर्वतीय पर्यटनको गन्तव्य स्थल र पदमार्ग तथा घरवास पर्यटनको अभ्यास सक्रिय हुनु	स्थानगत पर्यटन सूचना केन्द्र नहुँदा जोखिम बढ्दो,
पञ्चासे संरक्षण क्षेत्र र अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटनका विविधीकरण तथा मौलिक बजारीकरणका अभ्यासहरु हुनु	पदमार्गको व्यवस्थापनमा लगानी साझेदारी बढाउन नसकिएको,
	एकीकृत लगानी र विकासको प्रयास हुन नपाएको, संरक्षण क्षेत्र समिति गाउँपालिका मातहतमा सञ्चालन तथा परिचालन गर्ने नीतिको अभाव रहनु
	स्थानीय उत्पादन र पर्यटनका बीच कमजोर सम्बन्ध ।
अवसर	**चुनौति**
व्यवस्थापकीय सुधार गर्न सकिएमा चमत्कारिक निर्माणको अवसर पनि प्राप्त हुनसक्छ	ग्रामीण पर्यटन र संस्थागत पर्यटनका सम्भावनाहरुलाई बजारीकरण र दिगो व्यवस्थापन गर्न
अन्नपूर्ण–माछापुच्छ्रे आधार शिविरमा पर्वतारोहण साहसिक पर्यटकीय गन्तव्यहरुको बजारीकरणका सम्भावना	कतिपय पर्यटन क्षेत्रमा स्वामित्वको होडबाजी रहेको, पर्यटकीय क्षेत्रको सम्भाव्य जोखिम अध्ययन र व्यवस्थापन योजना नभएको
	स्थानीय उत्पादनसँग पर्यटकको आकर्षण बढाउदै पर्यटन पूर्वाधारमा लगानी विस्तार गर्ने ।

ख.३.सोच

गाउँपालिकामा दिगो, सुरक्षित र व्यवस्थित पर्यटनको विकास हुने ।

ख.४ लक्ष्य

पर्यटनको विकासले, कृषि उत्पादन तथा उत्पादकत्व र स्थानीय रोजगारी बढ्दै जाने ।

ख.५.उद्देश्य

१. सुरक्षित र व्यवस्थित पर्यटनका लागि सूचना प्रणालीकोस्थापना गर्नु ।
२. पर्यटनमा कृषि र स्थानीय रोजगारीको सघन सहकार्य अभिवृद्धि गर्नु ।

ख.६.रणनीति

उद्देश्य १.सुरक्षित र व्यवस्थित पर्यटनका लागि सूचना प्रणालीका स्थापना गर्नु ।	
रणनीति	**कार्यनीति**
१.१ पर्यटन सूचना केन्द्रको स्थापना र वडागत संरचनाको विकास गर्ने	१.१.१ स्थानीय पर्यटन सूचना केन्द्रको वडागत संरचना निर्माण गरिने छ । १.१.२ पर्यटन सेवा दिने ईकाइहरु समावेस गरी स्थानीय पर्यटन समितिको वडागत संरचनानिर्माण गरिने छ । १.१.३ पर्यटन सूचना केन्द्रबाट दैनिक रुपमा आउने पर्यटक (घरवास पर्यटन समेत) को गणना र सूचना (सूरक्षा तथा व्यवस्थापन) प्रवाह गरिने छ ।
उद्देश्य २.पर्यटनमा कृषि र स्थानीय रोजगारीको सघन सहकार्य अभिवृद्धि गर्नु ।	
रणनीति	**कार्यनीति**
२.१ दिगो पर्यटनका निम्ति ग्रामीणबजारमा स्थानीय कृषि उत्पादनको खपत र रोजगारी बढाउने	२.१.१ स्थानीय पर्यटन बजारमा कृषि उपजको खपत बढाउन वडा कृषि सञ्जालर घरवास पर्यटन तथा स्थानीय पर्यटन समितिका बीच कृषि उपज उत्पादन र खपतकालागि करार प्रणालीकोविकास गर्ने २.१.२ पर्यटन उत्पादनमा रोजगार क्षमता सहित स्थानीय जनशक्ति उत्पादन र खपत बढाउने । २.१.३ पर्यटन उपजका रुपमा स्थानीय सम्भावनाहरुको वार्षिक सूचीकरण र बजारीकरण गर्ने

ख.७ कार्यक्रमका प्राथमिकता

१. वडागत रुपमा पर्यटन सूचना प्रणालीको विकास गर्ने।

२. स्थानीय पर्यटन समिति (होटेल, रेष्टरुँ घरबास पर्यटन इकाइ र पयर्टन क्षेत्र समेटी) निर्माण गर्ने ।

३. पर्यटन, कृषि उपजको खपत र रोजगारीबढाउने ।

ख.५.विषय क्षेत्रगत सूचक र नतिजा

तालिका १२ पर्यटन क्षेत्रसंग सम्बन्धित सूचक र लक्ष्य

सूचक	एकाई	०७८ / २०७९को उपलब्धी	२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
पर्यटन आवागमन	संख्या	१९८०००	२१७८००	२३९५८०	२६३५३८
गापा भित्रको औषत बसाई	दिन	२	२.२	२.४	२.७
रोजगारी	संख्या		०	०	०
पर्यटन गुरुयोजना तथा नीति				सम्पन्न	
होम स्टे संचालन		४	५	६	७
पर्यटन पदमार्ग निर्माण		५	५	६	७
कोसेलीघर स्थापना तथा सञ्चलन		०	१	२	३
पर्यटन गन्तव्य पुर्वाधार निर्माण		२	४	६	८

ग.उद्योग तथा वाणिज्य

ग.१. पृष्ठभूमि

स्थानीय रुपमा प्राप्त हुने कच्चा पदार्थहरुलाई आधुनिक प्रविधीको प्रयोग गरी प्रशोधन गरी मूल्य अभिवृद्धीयुक्त उत्पादनहरुलाई बजारको पहुँच सम्म पुर्याई स्रोत साधनको समुचित प्रयोगद्वारा रोजगारी सिर्जना र गरिवी निवारण गर्न सक्ने देखिन्छ । औद्योगिक ग्राम को स्थापना संगै गाँउपालिकामा छरिएर रहेका साना उद्योगहरुलाई एकिकृत गरी आधुनिक प्रबिधियुक्त बनाउन सकिने देखिन्छ ।

ग.२. चुनौती तथा अवसर

सबल पक्ष	दुर्बल पक्ष
लेकाली हावापानीको बस्तीमा उत्पादित प्राङ्गारिक मलमा आधारित विषादी रहित कृषि उपजहरु हुने ।	कोदोबाट निर्मित बेकरी उत्पादन, प्रशोधित पिउने पानी, मह जस्ता वस्तुहरूको स्थानीय उत्पादन गर्न जोड दिनु पर्ने
होमस्टे तथा होटल ब्यवसाय र घरेलु उपभोगमा खपत हुने माछा मासु, फलफूल दुध तथा दुधजन्य पदार्थहरू, तरुल, आलु पिंडालु	लघु तथा साना उद्योगको मात्रउपलब्धता ।
अबसर	**चुनौती**
ग्रामीण पर्यटन बजारमा पोखरा महानगरको पर्यटन बजार भन्दा उच्च मूल्यमा खपत गर्न सकिने	गाउँपालिका बाहिरबाट ल्याउने बस्तुको तुलनामा भित्रबाट निकासी गर्न सकिने कृषि तथा गैरकृषि उपजहरुको मात्रा बढाइ आपुर्ति सन्तुलन गर्नु
कालीगण्डकी कोरिडोरदेखि गाउँपालिकासम्म लेकाली कृषि उत्पादनको आपूर्ति बढाउन	कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना र संञ्चालन गर्न प्रोत्साहन गर्ने ।
स्थानीय पर्यटन बजारमा खपत हुने बस्तुमा स्थानीय उत्पादनको मात्रा बढाउन सकिएमा रोजगार तथा आपूर्ति सन्तुलनमा ठुलो टेवा पुर्‍याउन सकिने	

ग.३.सोच

- आपूर्ति व्यवस्थापन र सन्तुलनका लागि स्थानीय उत्पादनमा साझेदारी प्रणाली अपनाउने ।

ग.३. लक्ष्य

- पर्यटनमा आधारित घरलु तथा साना उद्योग विस्तार गरी स्थानीय रोजगारी प्रर्वद्धन गर्ने ।

ग.४.उद्देश्य

१.घरेलु तथा साना उद्योग विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नु ।
२.स्थानीय उद्योग विकासमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको साझेदारी विस्तार गर्नु ।

ग.५.रणनीति

उद्देश्य १.घरेलु तथा साना उद्योग विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नु ।	
रणनीति	**कार्यनीति**

१.१ स्थानीय उत्पादनमा अभिवृद्धि गरी योजनामा लगानी बढाउने ।	१.१.१ लघु, घरेलु तथा साना उद्योगहरुको प्रवद्धर्न गरिनेछ । १.१.२ स्थानीय बजारमा खपत हुने श्रमशक्तिको विकास र समन्वयका लागि सहजीकरण गरिनेछ ।

उद्देश्य २. स्थानीय उद्योग विकासमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको साझेदारी विस्तार गर्नु ।	
रणनीति	**कार्यनीति**
२.१ सार्वजनिक–निजी साझेदारी नीतिको अवलम्वन गर्ने ।	२.१.१ स्थानीय उद्यमीहरुलाई संगठित र व्यवसायिक बनाउन मद्दत गरिनेछ । २.१.२ विप्रेषणको आयलाई उत्पादनमूलक काममा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

ग.६ कार्यक्रमका प्राथमिकता

१.पर्यटन बजारको खपत प्रणालीमा स्थानीय उद्योगको उत्पादन बढाउने ।

२. उद्यम तथा उद्यमशीलताको विकासमा सावर्जनिक–निजी–साझदेारी अभ्यासको सहभागीताबाट रोजगारी बढाउने ।

तालिका १३ उद्योग तथा वाणिज्य क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
निकासीमा बृद्धी					
व्यवसाय दर्ता प्रकृया अनलाईन प्रणालीमा ल्याउने			१	२	२
बजार अनुगमन		१	२	२	२
उद्योग स्थापना		८९	५०	६०	७०
उद्योगमा रोजगारी		४४५	२५०	३००	३५०
स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना		४५	५०	६०	७०

घ. सहकारी

घ.१.पृष्ठभूमि

सहकारीताका माध्यमबाट आर्थिक तथा सामाजिक उद्यमशिलताको विकासले अन्नपूर्ण गाउँपालिकाको समृद्धिमा टेवा पुर्याउन सक्छ । बजारमूखी अर्थतन्त्रको अभ्यासले सघन रुप लिएको अवस्थामा सहकारीतालाई आर्थिक विकासको तिन खम्बा मध्येमा एक महत्वपूर्ण आधार स्तम्भ स्वीकार गरिन्छ । यस गाउँपालिकामा उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय र सेवाको क्षेत्रमा गरी विभिन्न सहकारी संघ संस्थाहरू सञ्चालनमा रहेका छन् । छरिएर रहेको श्रम, सीप, पुँजी, प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी न्यूनीकरण, स्वरोजगारी तथा उत्पादनमुलक रोजगारीको सिर्जना, सामाजिक उद्यमशीलताको विकास र उत्पादकत्व बृद्धि गर्दै आयातलाई प्रतिस्थापन गर्न ग्रामीण क्षेत्रमा सहकारीको विकास र वित्तीय संस्थाहरुको सक्रियता आवश्यक हुन्छ । स्थानीय सरकारले अनुगमन दर्ता खारेजी, कारवही लगायतको अधिकार प्राप्त गरेको भएपनि दक्ष जनशक्तिको अभावमा पर्याप्तमात्रामा अनुगमन हुन सकेको छैन । गाउँपालिका क्षेत्रभित्र कार्यक्षत्रेका सहकारीहरुलाई रोजगारीमुलक उत्पादनशील बनाउनु तथा सहकारीलाई सुशासन युक्त बनाई गरिवी निवारणमा यसको प्रभावकारी उपयोग गर्न पर्ने आजको आवश्यकता रहेको छ ।

घ.२. चुनौती तथा अवसर

सबलपक्ष	दुर्बलपक्ष
कृषि,पशुपालन, पर्यटन र उद्यमशीलता विकासका लागि वचत तथा क्रण लगानी गर्ने वित्तीय तथा सहकारी सस्थाहरुलाई कृषिमा आधारित उद्यमशीलताको विकासमा परिचालन गर्न प्राथमिकतामा राखिएको	सहकारी संस्थाहरूमा सीमान्तकृत, बञ्चितीकरणमा परेका वर्ग, आय वर्ग तथा समुदायलाई समेटी समावेशी बनाउनु,
वचत तथा क्रण लगानी मैत्री नीतिहरु निर्माण हुनु,	सहकारी संस्थाहरूमा संस्थागत वित्तीय अनुशासन बढाउनु,
निजी क्षेत्र र सहकारी क्षेत्र बीच सहकार्य वृद्धि हुदै जानु,	सहकारी संस्था सञ्चालन व्यवस्थापनका लागि क्षमता र दक्षता अभिवृद्धि गर्नु
	आयातीत उपभोग्य वस्तु निर्माण सामग्रीको वाहुल्यता र बढ्दो परनिर्भरता ।
अबसर	**चुनौती**
विप्रेषण बजार र पर्यटन बजारबाट आर्जित पूँजीलाई सामाजिक तथा आर्थिक विकासमा परिचालन गर्न	सहकारी सम्बन्धी प्रादेशिक नीतिगत, कानुनी संस्थागत संरचना निर्माण गर्नु,
सहकारी संचालकहरू उत्पादनको क्षेत्रमा लगानी गर्न थप उत्सुक हुनु	उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहकारीको योगदान अभिवृद्धि गर्नु,
	प्रादेशिक नियमनकारी निकायको संरचना स्थापना गरी सहकारी संस्थाहरुको प्रभावकारी नियमन गर्नु
	पूँजीलाई उत्पादनको क्षेत्रमा आकर्षित गर्न संघीय, प्रादेशिक र स्थानीय सरकारका बीच समन्वय गर्न
	स्थानीय श्रोतमा आधारित उपभोग्य वस्तु एवम निर्माण सामग्रीको उत्पादन र बिक्री वितरणमा जोड दिने

घ.३.सोच

- समृद्ध गाउँपालिकाका लागि हरेक वडा बस्तीमा सहकारीको स्थापना गर्ने

घ.४.लक्ष्य

- ग्रामीण उद्यमशीलता विकासका लागि वित्तीय संस्थाहरुको वस्तीगत पहुँचमा विस्तार र साझेदारी कायम गर्ने

घ.५ उद्देश्य

१. विप्रेषणबाट प्राप्त आम्दानीलाई स्थानीय उत्पादन र रोजगारी वृद्धिमा लगाउनु ।
२. वित्तीय संस्थाहरूको साझेदारीबाट वस्तीगत उद्यमको विकास गर्नु ।

घ.६ रणनीति

उदेश्य १. विप्रेषणबाट प्राप्त आम्दानीलाई स्थानीय उत्पादन र रोजगारी वृद्धिमा लगाउनु ।	
रणनीति	**कार्यनीति**
१.१ विषयगत सहकारी संस्थाहरुको समन्वयबाट स्थानीय उत्पादन प्रणाली बलियो बनाउने ।	१.१.१ कृषकहरूलाई विषयगत सहकारी संस्थाहरुको माध्यमबाट स्थानीय उत्पादनमा परिचालन गरिने छ ।
उदेश्य २.वित्तीय संस्थाहरूको साझेदारीबाट वस्तीगत उद्यमको विकास गर्नु ।	

रणनीति	कार्यनीति
२.१ वित्तीय संस्थाहरुको सामाजिक उत्तरदायित्वअन्तरगतको स्रोत परिचालनबाट सामाजिक उद्यमशीलता विकासमा टेवा पुर्याउने ।	२.१.१ गरिवी निवारण र समाज परिचालनका लागि गठित सामुदायिक संस्थाहरुलाई आय आर्जनका क्षेत्रमा परिचालन गरिनेछ । २.१.२ सामाजिक पूँजी र उद्यम विकासका क्षेत्रमा सहकारी वित्तीय संस्थाहरुसँग साझेदारी गरिनेछ ।

घ.७ कार्यक्रमका प्राथमिकता

१. एक कृषि सहकारी एक विशेष उत्पादन कार्यक्रम ।
२. सहकारी खेती कार्यक्रम ।
३. सहकारी व्यवसाय साझेदारी कार्यक्रम ।
४.सामाजिक उत्तरदायित्व साझेदारी कार्यक्रम ।
५. सामाजिक व्यवसाय विकास कार्यक्रम ।

तालिका १४ सहकारी क्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण

सुचक	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
सहकारी संस्था		३३	५	५	५
सहकारी संस्थाको कुल सदस्यता					
प्रत्यक्ष रोजगारी					
अप्रत्यक्ष रोजगारी					
सहकारी संस्थाको शेयर पुर्जी					
सहकारी संस्थाको कुल बचत					
सहकारीको कृषि क्षेत्रमा लगानी					
सहकारी संस्थाको ऋण लगानी					
सहकारी संस्थाको तालिम प्राप्त जनशक्ति					
सहकारी अनुगमन तथा नियमन		१	१	१	

४.१.१.आर्थिक विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण कृषि र पशुविकास

तालिका १५ आर्थिक विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण कृषि र पशुविकास

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
१.१.१	वार्षिक कृषि कार्यपात्रो तर्जुमा कार्यक्रम	बर्ष भरी कृषि क्षेत्रमा गरीने कार्यक्रमहरुको खाका तयार हुने	२०७८/८९–२०८०/८१	१५०	
१.१.२	कृषक वर्गीकरण कृषि सञ्जाल निर्माण र परिचालन	कृषकहरुको बास्तविक स्थिति पहिचान हुने	२०७८/८९–२०८०/८१	०	
१.१.३	विषयगत कृषक समुह निर्माण रपरिचालन	समुहको निर्माण र परिचालनमा सहज हुने	२०७८/८९–२०८०/८१	०	
१.१.४	एक घर एक कृषि स्वरोजगार कार्यक्रम	सबैले रोजगारमा अवसर पाउने	२०७८/८९–२०८०/८१	३३००	
१.१.५	कृषियन्त्र–उपकरण सहयोग कार्यक्रम (समुहमा)	उपकरण ले कार्यमा सहजता पुग्ने	२०७८/८९–२०८०/८१	३०००	
१.१.६	विपन्न परिवार पहिचान कार्ययोजना तर्जुमा	विपन्नको स्थितिका बारेमा पहिचान	२०७८/८९–२०८०/८१	०	
१.१.७	विपन्न परिवार पहिचान कार्यक्रम	विपन्नको स्थितिका बारेमा पहिचान	२०७८/८९–२०८०/८१	२००	
१.१.८	लिजमा विपन्न परिवार कृषि कार्यक्रम (आलु, अदुवा, बेसार , खुर्सानी, कोदा, फापर)	विपन्नको परिवारमा कृषि कार्यक्रममा व्यवसायिकता सुरुहुने	२०७८/८९–२०८०/८१	३८००	
१.१.९	कृषि अनुदान नीति तर्जुमा	विपन्नले पनि सहुलियत पाउने	२०७८/८९–२०८०/८१	२००	
१.१.१०	कृषि सामग्री र उन्नत विउ विजनमा अनुदान	विपन्नले पनि सहुलियत पाउने	२०७८/८९–२०८०/८१	६००	
१.१.११	कृषि पकेट क्षेत्र निर्धारण तथा विस्तार कार्यक्रम	सबैले रोजगारमा अवसर पाउने	२०७८/८९–२०८०/८१	६००	
१.१.१२	किसान समुहलाइ प्राङ्गारिक मल सीप हस्तान्तरण	परिवारमा कृषि कार्यक्रममा व्यवसायिकता सुरुहुने	२०७८/८९–२०८०/८१	१५००	
१.१.१३	वडा स्तरमा कृषि पर्यटन समन्वय कार्यक्रम	कृषि पर्यटकको आगमन	२०७८/८९–२०८०/८१	१६५०	
१.१.१४	वडा कृषि बजार विकास कार्यक्रम	बजारको विकास हुने	२०७८/८९–२०८०/८१	६०००	
१.१.१५	कृषिबजारसुचनाव्यवस्थापनरकृषि अनुदान कार्यक्रम	कृषि क्षेत्रमा भएका सुचनाहरु प्राप्तहुने	२०७८/८९–२०८०/८१	१५००	
१.१.१६	रैथान कृषि परिकार तालिम कार्यक्रम	रैथाने कृषि जन्य बस्तुहरुले व्यवसायिकता पाउने	२०७८/८९–२०८०/८१	६००	

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
१.१.१७	ग्रीनहाउस तरकारी खेती कार्यक्रम	बेमौसमी तरकारीहरु उत्पादन हुने	२०७८/८९–२०८०/८१	४५००	
१.१.१८	स्थानीय कृषि बजार केन्द्रमा शीत भण्डार		२०७८/८९–२०८०/८१	६००००	
१.१.१९	कृषि तथ्याङ्क गणना तथा अध्यावधिक कार्यक्रम		२०७८/८९–२०८०/८१	२००	
१.१.२०	माटो परीक्षण र वाली उपचार घुम्ती शिविर		२०७८/८९–२०८०/८१	१०००	
१.१.२१	रैथाने खाद्यन्न, घास विरुवाहरुका तथ्याङ्क बुकनिर्माण		२०७८/८९–२०८०/८१	२००	
१.१.२२	रैथाने बालीकन्दमुल ,जडीबुटी र फलफूल खेती तथा मौरी पालन प्रोत्साहन		२०७८/८९–२०८०/८१	२००	
१.१.२३	ग्रामीण कृषि कार्यकर्ता तालिम सहयोग कार्यक्रम		२०७८/८९–२०८०/८१	६००	
१.१.२४	जलवायु मैत्री स्थानीय कृषि शिक्षा (विद्यालय कृषि शिक्षा, टोल कृषि शिक्षा) कार्यक्रम		२०७८/८९–२०८०/८१	२००	
१.१.२५	एकीकृत कृषि वन(अलैची, टिमुर, आदि) उद्यम सहयोग कार्यक्रम		२०७८/८९–२०८०/८१	१५००	
१.१.२६	बाली बीमा सहयोग कार्यक्रम		२०७८/८९–२०८०/८१	३०००	
१.१.२७	गाउँपालिकामा एकीकृत गोठ सुधार कार्यक्रम		२०७८/८९–२०८०/८१	२३००	
१.१.२८	घाँसवाली विकास कार्यक्रम		२०७८/८९–२०८०/८१	६००	
१.१.२९	पशुपन्छी को नश्ल सुधार कार्यक्रम९ब्क्०		२०७८/८९–२०८०/८१	६००	
१.१.३०	पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने कार्यक्रम		२०७८/८९–२०८०/८१	६००	
१.१.३१	पशु बिमा कार्यक्रम		२०७८/८९–२०८०/८१	२३००	
१.१.३२	बिमित गाई भैसीलाइ सुत्केरी भत्ता अुनदान कार्यक्रम		२०७८/८९–२०८०/८१	१५००	
१.१.३३	पशुपन्छीस्वास्थ्य सेवा कार्यक्रम		२०७८/८९–	१०००	

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
			२०८०/८१		
१.१.३४	घुम्ती पशु उपचार शिवीर		२०७८/८९–२०८०/८१	१२००	
१.१.३५	पशुपन्छी जन्य उत्पादनका मुल्य श्रङ्खला सुधार कार्यक्रम		२०७८/८९–२०८०/८१	०	
१.१.३६	पशुपन्छी बजार संरचना विकास कार्यक्रम		२०७८/८९–२०८०/८१	३०००	
१.१.३७	पशुपन्छी बजार सुचना प्रणाली कार्यक्रम		२०७८/८९–२०८०/८१	२००	
१.१.३८	पशुजन्य उत्पादन प्रशोधन सहयोग कार्यक्रम (डेरी, फ्रेस हाउस, प्याकजीङ, डाइ फुड (सुकटी) प्रशोधन उद्योग सहयोग कार्यक्रम)		२०७८/८९–२०८०/८१	३०००	
१.१.३९	चौरी विकासकार्यक्रम		२०७८/८९–२०८०/८१	१५००	
१.१.४०	चिसापानीमा ट्राउट माछापालन कार्यक्रम (मादी भरुङ्गदी र रती खोला सामुदायिक साझदारी जलखेती)		२०७८/८९–२०८०/८१	३०००	
१.१.४१	पशुस्वास्थ्य कार्यकर्ता तालिम कार्यक्रम		२०७८/८९–२०८०/८१	६००	
१.१.४२	चौरी तथा च्याङ्गरा गोठला तालिम कार्यक्रम		२०७८/८९–२०८०/८१	९००	

तालिका १६ पर्यटन, कार्यक्रम/आयोजना

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
१	वडागत पर्यटन सुचना केन्द्र निर्माण	सुरक्षित र व्यवस्थित पर्यटनका लागि सूचना प्रणालीकोस्थापना गर्नु		१५००	
२	वडागत पर्यटन समितिका निर्माण	ण		०	
३	पर्यटक गणना (घरवास, गन्तव्य, परिक्रमा)	ण		०	
४	पर्यटन सुचना प्रवाह र बुलेटिन प्रकाशन	ण		६००	
५	सूचीकरण तथा सङकेतीकरण (पर्यटन इकाइ, क्षेत्र र पदमार्ग)	ण		६००	
६	पर्यटन आचारसंहिता अभिमुखीकरण	ण		६००	
७	पर्यटन सेवा तथा सुविधाकाअनुगमन र नियमन	ण		६००	
८	पर्यटन क्षेत्रमा सुरक्षा र जोखिम सुचना बोर्ड निर्माण	ण		९००	
९	प्राङ्गारिक उन्मुख कृषि उपज उत्पादन र खपतका लागि करार(कृषि सञ्जाल र घरवास तथा पर्यटन समिति बीच)	पर्यटनमा कृषि र स्थानीय रोजगारीको सघन सहकार्य अभिवृद्धि गर्नु ।		६००	
१०	रकक्याइम्बिङ्ग,प्यारागलाइडिङ्ग,क्यानोइङ्ग			११०००	
११	पर्यटन गृह जनशक्ति (केक, वटर, रिसप्सन) तालिम			६००	
१२	डिजिटल पर्यटन गणना तालिम			०	
१३	पर्यटन गन्तव्य जक्ति र जोखिम तथा स्वास्थ्य सुरक्षा अभिमुखीकरण			६००	
१४	पर्यटन उपकरण मर्मत तालिम			६००	
१५	कास्कीकोट पर्यटकिय चक्रपथ खड्गाँउ पाउदुरकोट भदौरेपन्चासे			६६००	
१६	पदमार्ग विकास			३००००	
१७	ग्रेट अन्नपूर्ण पदमार्ग वडा नं ९			१५०००	
१८	पर्यटन क्षेत्रमा सार्वजनिक शौचालय निर्माण			६०००	
	जम्मा			७५८००	

ई.उद्योग तथा वाणिज्य

तालिका १७ उद्योग तथा वाणिज्य क्षेत्रसँग सम्वन्धित अयोजना तथा कार्यक्रहरुको संक्षिप्त विवरण

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
१	परम्परागत खाद्य पदार्थ प्रशोधन उद्योग सहयोग कार्यक्रम	घरेलु तथा साना उद्योग विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नु ।	२०७८/८९–२०८०/८१	६००	
२	औद्योगिक ग्राम स्थापना	ण	२०७८/८९–२०८०/८२	२५०००	

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
३	जडीबुटी उद्योग स्थापना सहयोग कार्यक्रम	ण	२०७८/८९–२०८०/८३	६००	
४	प्राविधिक श्रमशक्ति उत्पादन कार्यक्रम (कृषि यन्त्र मर्मत, वायरिङ्ग, प्लम्बिङ, सवारी मर्मत, घरलु उपकरण मर्मत तालिम)	घरेलु तथा साना उद्योग विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नु ।	२०७८/८९–२०८०/८४	६००	
५	परम्परागत सीप र प्रविधि संरक्षण कार्यक्रम (आरन, घट्ट, सुचीकार, चमकार, बाजा, भाङ्गा, आदि)	ण	२०७८/८९–२०८०/८५	६००	
६	स्वच्छ व्यवसाय विकास कार्यक्रम (व्यवसाय अभिलेखन,अनुगमन तथा आर्पूति र बजार सुचना केन्द्र कार्यक्रम)	स्थानीय उद्योग विकासमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको साझेदारी विस्तार गर्नु ।	२०७८/८९–२०८०/८६	६००	
७	श्रमिक बुक तथा विप्रेषण व्यवस्थापन कार्यक्रम(सार्वजनिक निजी साझेदारी)	ण	२०७८/८९–२०८०/८७	६००	
	जम्मा			२८६००	

४.२ सामाजिक विकास

क.शिक्षा

क.१.पृष्ठभूमि

शिक्षा सामाजिक विकासको पूर्वाधार हो । शिक्षा विना सामाजिक आर्थिक रूपान्तरण गर्न कठिन हुन्छ । यसै गाउँपालिकाको समृद्धिका लागि यहाँका नागरिकहरूको सामाजिक जीवन र व्यवहारमा परिवर्तन हुन शिक्षाको आवश्यकता हुन्छ । राज्यप्रदत्त सेवाबाट नागरिकको सन्तुष्टि वृद्धि गर्न स्थानीय सरकारको जवाफदेहीता सम्वन्धी आधार तय गर्नका लागि पनि नागरिकहरूमा समयानुकुल प्राविधिक शिक्षा र ज्ञानको विस्तार गर्नु जरुरी हुन्छ । अन्नपूर्ण गाउँपालिकाको समृद्धिका लागि जवाफदेही स्थानीय सरकार र सम-सामयिक नागरिक शिक्षा लगायत विद्यालय शिक्षालाई व्यवहारिक र जीवन उपयोगी वनाउन शिक्षाको संरचना, पाठ्यक्रम एवम् पठन पाठन शैलीमा नै परिमार्जन गर्नु समयको माग हुन आएको छ । सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गरी शिक्षा क्षेत्रबाट उत्पादीत जनशक्ति राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा प्रतिस्पर्दा बनाउनु आजको आवश्यकता हो । व्यावशायीक शिक्षा जोड दिई शैक्षिक बेरोजगार उत्पादन हुने वर्तमान समस्यालाई समाधान गर्नु पर्ने । गाउँपालिकामा हाल रहेका विद्यालयहरुमा पर्याप्त भौतिक पूर्वाधार भए पनि शिक्षकहरुको संख्या कमि, विद्यार्थीहरुको सामुदायिक विद्यालय छोड्ने दरमा बृद्धि लगायतका समस्या रहेको देखिन्छ ।

क.२.चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
आधारभुत र माध्यिक तहसम्को शिक्षको अधिकार स्थानीयतहलाई प्राप्त हुनु	भौगोलिक विकटतामा रहेका वस्तीका बालबालिकाका लागि विद्यालयको व्यवस्थापन गर्न नसकिनु
विद्यालय संख्य थोरैहुनलेव्यवस्थापन मा सहज हुनु	विद्यालयमा शैक्षिक सामग्रीहरूको यथोचित उपलब्धता गराउन पनि चुनौती देखिएको छ ।
विद्यालयहरुको भौतितक पूर्वाधारमा संघ प्रदेश सरकारको सहयोग प्राप्त हुनु	विचैमा कक्षा छोड्नेविद्यार्थी संख्या न्यूनिकरण गर्न नसक्नु
	सामुदायीक विद्यालयहरुमा पर्याप्त शिक्षा नपुर्याउनु ।

	विद्यालयको विकासमा समुदायको चासो र सजकताको विकास नहुनु
अवसर	**चुनौती**
विद्यालयमा प्रविधि युक्त भौतिक पूर्वाधारहरूको उचित व्यवस्थापन गर्न सकिएमा यस गाउँपालिकाको स्थानीय शिक्षा प्रणालीमा सुधार ल्याउने अवसर देखिन्छ	विद्यालयका शिक्षकहरूमा दलीय राजनीतिक भागवण्डाका कारण समुन्नत शिक्षाका लागि क्षमतावान्, जिम्मोवारीवहन गर्ने व्यक्तित्व परिचालन गर्न पनि चुनौती देखिएको छ ।
एकीकृत बस्ती विकास र विद्यालय शिक्षाका लागि समुदाय र स्थानीय सरकारको सहकार्यको सम्भावना नै यहाँको शिक्षा विकासको अवसर हा	सामुदायिक विद्यालयको शिक्षक गुणस्तर अभिवृद्धि।सामुदायिक विद्यालयहरुमा विद्यार्थीसंख्या
विद्यालय शिक्षालाई व्यवस्थित रुपमा सञ्चालनगर्न गाउँपालिकाले एकीकृत विद्यालय शिक्षा निर्देशिका तर्जुमा गरी लागु गर्न सकिएमा अन्नपूर्णको शैक्षिक अवस्थामा गुणात्मक सुधार ल्याउन सकिन्छ ।	स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीयप्रविधीमैत्री शिक्षा प्रदान गर्न।
	शिक्षक विद्यार्थी र अबिभावकको त्रिपक्षि सम्बन्ध स्थापित गरि समग्र शैक्षिक वातावरण तयार गरी शैक्षिक गुणस्तर बद्धि नगर्नु

क.३. सोच

- व्यवहारिक, गुणस्तरीय तथा जीवन उपयोगी विद्यालय शिक्षा हुनुपर्ने ।

ख.४ लक्ष्य

- शिक्षामा सबैको पहुँच र शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी एवम् सक्षम जनशक्ति उत्पादनबाट सामाजिक रूपान्तरण गर्ने ।

क.५.उद्देश्य

१.सबै विद्यालयहरुलाई प्रविधियुक्त पूर्वाधार लगायत शिक्षक, शिक्षण सामग्री, शिक्षण विधि,परीक्षा प्रणाली र शैक्षिक गुणस्तरले युक्त बनाउँदै लैजाने ।
२. विद्यालय शिक्षा सर्वसुलभ बनाउने र जनचेतनाका लागि सार्वजनिक पुस्तकालय स्थापना गर्नु ।

क.६.रणनीति

उद्देश्य १. सबै विद्यालयहरूलाई प्रविधियुक्त पूर्वाधार लगायत शिक्षक, शिक्षण सामग्री, शिक्षण विधि, परीक्षा प्रणाली र शैक्षिक गुणस्तरयुक्त बनाउँदै लैजानु ।	
रणनीति	**कार्यनीति**
१.१ विद्यालयहरूलाई नतिजामुखी बनाउन विद्यालय शिक्षालाई सुधार गर्ने ।	१..१.१ शिक्षालाई समय अनुकूल, व्यवहारिक बनाउनका लागि गाउँपालिका स्तरीय शिक्षा निर्देशिका बनाइ लागु गरिनेछ ।
उद्देश्य २. विद्यालय शिक्षा सर्वसुलभ बनाउने र जनचेतनाका लागि सार्वजनिक पुस्तकालय स्थापना गर्नु ।	
रणनीति	**कार्यनीति**

२.१.सामुदायिक विद्यालयमा सबै बस्तीका बालबालिकाको पहुँच पुर्‍याउन आवश्यकता अनुसार समायोजन गर्ने ।	२.१.१ बाल–बालिका, यूवा तथा वयस्क नागरिकहरुमा पढने संस्कृतिको विकासका लागि वडाहरुमा सामुदायिक अध्ययन केन्द्रतथा ग्रामीण पुस्तकालय सञ्चालन गरिनेछ । २.१.२ निम्न तथा मध्यम वर्गबाट विद्यालय तहमा उत्कृष्ट अङ्क ल्याउने जहेन्दार एक छात्र एक छात्रालाई क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिनेछ । २.१.३ युवा वर्गलाईरोजगारमा पहुँच वढाउन लोकसेवा आयोग तयारी कक्षा सञ्चालनमा सहयोग गरिनेछ ।

क.७ .कार्यक्रमका प्राथमिकता

१.विद्यालय शिक्षा सुधार कार्यक्रम ।
२.सामुदायिक विद्यालय पहुँच कार्यक्रम ।
३. सार्वजनिक पुस्तकालय कार्यक्रम ।
४.रोजगार शिक्षा कार्यक्रम ।

विषय क्षेत्रगत सूचक र नतिजा

तालिका १८ शिक्षा क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	शिक्षा क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
खूद भर्ना दर					
आधारभतु तह (कक्षा १-५)					
आधारभतु तह (कक्षा ६-८)					
माध्यिक तह (कक्षा (९-१२)					
विद्यालय छोड्ने दर (प्रति कक्षाखुद भर्नाको आधारमा)					
एस.ई.ई. मा द्य ग्रेड भन्दा माथी ल्यउनेको प्रतिशत					
बिद्यालय भवन निर्माण					
विद्यालय शौचालय निर्माण कार्यक्रम					
इलर्निंग, डिजिजटल कक्षा संचालन कार्यक्रम (विद्यालय संख्या)					
स्थानीयपाठ्यक्रम निर्माण कार्यक्रम(विद्यालय संख्या)					
शैक्षिक जनशक्ति व्यस्थापन					

ख.स्वास्थ्य

ख.१. पृष्ठभूमि

सामाजिक समृद्धिका निम्ति जसरी शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ, त्यसरी नै नागरिकहरूको स्वास्थ्य र पोषणको सबाल पनि महत्वपूर्ण मानिन्छ । सामाजिक पुँजी निर्माणका लागि स्वास्थ्य नागरिक चाहिने र उनीहरुका लागि स्वास्थ्य र पोषण व्यवस्थापन गर्नमा स्थानीय सरकारको भूमिका अति आवश्यक मानिएको छ । मानवलाई सुरक्षित राख्न नेपाल सरकारले स्थानीय तहका प्रत्येकवडा भित्र एउटा स्वास्थ्य चौकी सञ्चालनगर्ने नीति लिएको छ । यसै क्रममा अन्नपूर्ण गाँउपालिकामा पनि स्वास्थ्य चौकीहरू स्थापना हुने क्रममा छन् । यस गाँउपालिका

भित्र बस्ने अधिकांश घरपरिवारहरूले बिरामी पर्दा स्वास्थ्य चौकीको सेवामा निर्भर रहेका हुन्छन् भने केही मात्रामा गाँउपालिका भन्दा बाहिर पोखरामा रहेका अस्पतालमा जाने गरेको पाइन्छन् । साथै यस गाउँपालिकामा सरकारी तवरबाट एलोपेथी उपचार र आयुर्वेदिक उपचार प्रणाली अपनाउने विद्यालय शिक्षा सर्वसुलभ बनाउने र समुदायमा पुस्तकालय संस्कृतिको विकास गर्ने । मुख्य दुई प्रकारका स्वास्थ्य संस्था क्रियाशील देखिन्छन् । आयुर्वेदिक उपचार प्रणालीका लागि लुम्ले आयुर्वेद औषधालय सञ्चालनमा छ भने एलोपेथी उपचार प्रणाली अपनाउने ९ वटा स्वास्थ्य संस्थाहरू सञ्चालनमा छन् ।

ख.२.चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
पर्यटकीय गन्तव्यका रुपमा पहिचान बनाएको अन्नपूर्ण गाउँपालिकामा घरवास पर्यटनसँगै प्राकृतिक चिकित्सा र आयुर्वेद सेवा विस्तारको पनि उत्तिकैसम्भावना छ	पछिल्ला दिनमा पर्यटनसँग ध्यान, योग र आयुर्वेदको सम्बन्ध जोडिदै आएको अवस्थालाई हामीले पर्यटन र स्वास्थ्य विकासको सम्भावनालाई समन्वय
	जनताका स्वास्थ्य समस्या शीघ्र समाधान गर्न बस्तिगत पहुँचमा सामुदायिक अस्पतालको अभाव र कमजोर स्वास्थ्य सेवा प्रणाली ।
अबसर	**चुनौती**
समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको वर्तमान परिप्रेक्षमा अन्नपूर्ण गाउँपालिकाका सम्भावना र स्थानीय जनसहभागिताबाट स्वास्थ्य सेवाका अवसर जुट्नु पनि व्यवस्थापकीय दृष्टिकोणले अवसर नै मान्नुपर्छ ।	स्वास्थ्यस्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको पर्यटकीय गन्तव्य र पदमार्गका रुपमा रहेका अन्नपूर्ण गाउँपालिकाका कतिपय वडामा स्वास्थ्य सेवा केन्द्रको स्थापना र सञ्चालन मा प्रादेशिक सरकार र केन्द्रीय सरकारको सहयोग जुट्ने
हरेक स्थानीय तहमा एक अस्पतालसञ्चालनगर्ने केन्द्रीय सरकारको नीति	
स्थानीय सरकारलाई आधारभतु स्वास्थ्य क्षत्रको अधिकार संविधानलेनै प्रत्याभुत गरेको छ ।	बदलिंदो रोगको प्रकृति अनुसार आधारभूत र विशिष्टीकृत सेवा प्रभावकारी रुपमा प्रदान गर्ने प्रणालीमा रुपान्तरण गर्ने ।
संघीय सरकार र प्रदेश सरकारकोले स्वास्थ क्षेत्रमा सहयोग प्राप्त भईरहेको छ ।	

ख.३.सोच

- स्वास्थ्य सेवाको दिगो व्यवस्थापन ।

ख.४.लक्ष्य

- सबै नागरिकलाई आधारभूत गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध गराउने ।

ख.५.उद्देश्य

१.आधारभूत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर वृद्धि गर्नु ।
२.एकीकृत स्वास्थ्य सेवामार्फत सबै नागरिकहरूलाई स्वास्थ्य जीवनयापनको आधार निर्माण गर्नु ।
३. बढ्दो क्रममा रहेको नसर्ने रोगहरूको प्रकोपलाई स्वस्थ्य जीवन शैलीमाफर्त नियन्त्रण गर्नु ।

ख.६.रणनीति र कार्यनीति

उद्देश्य १ आधारभूत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर वृद्धि गर्नु ।	
रणनीति	**कार्यनीति**

१.१ गाउँपालिका स्तरीय अस्पताल स्थापना गरी स्वास्थ्य प्रविधिलाई सहज र सेवायुक्त बनाउने ।	१.१.१ अन्नपूर्ण गाउँपालिका स्तरीय अस्पताल स्थापनका लागि प्रादेशिक र संघीय सरकारको सहभागिता जुटाइने छ । १.१.२एक वडा एक स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थाहरु स्थापना गरिने छ । १.१.३ निशुल्क वितरित हुने औषधीहरु सबै वडा स्वास्थ्य चौकीबाट वितरण गरिने छ । १.१.४ प्रदेश स्तरीय स्वास्थ्य संस्थाको साझेदारीमा आँखा, मुटु, मृगौला तथा स्त्री रोग सम्बन्धी शिविरहरु सञ्चालन गरिने छ ।
उद्देश्य २. एकीकृत स्वास्थ्य सेवामार्फत सबै नागरिकहरुलाई स्वास्थ्यय जीवन यापनको आधार निर्माण गर्नु ।	
रणनीति	**कार्यनीति**
२.१ सबै वडाहरुमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वडा स्वास्थ्य चौकीलाई प्रविधियुक्त बनाउने ।	२.१.१.स्वास्थ्य केन्द्रहरुमा आयुर्वेद र आधुनिक चिकित्सा पद्धतिको स्वास्थ्य सेवा एकीकृत रुपमा उपलब्ध गराइने छ । २.१.२ कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । २.१.३ शारीरिक, मानसिक, आध्यात्मिक स्वास्थ शिक्षा सेवा आम मानिसमा पुऱ्याइ नसर्ने रोगहरुको प्रकोपलाई स्वास्थ्यय जीवनशैलीमार्फत नियन्त्रण गरिने छ ।

ख.७.कार्यक्रमका प्राथमिकता

१.एकीकृत स्वास्थ्य सेवा निर्देशिका तर्जमु ा र कार्यान्वयन ।
२.अन्नपूर्ण अस्पताल निर्माण।
३.स्वास्थ्य शिक्षा र स्वास्थ्य स्वयंसेवा कार्यक्रम ।

ख.६ विषय क्षेत्रगत,सूचक र नतिजा

तालिका १९ स्वास्थ्य क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	स्वास्थ्य क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
मातृमृत्युसंख्या	जना	०	०	०	०
पाँचवर्षमुनिका बालमृत्युसंख्या	जना	४७	२४	१२	६
स्वास्थ संस्थाहरुको क्षमता विकास र व्यस्थापन	जना				
अस्ताल निर्माण(संख्या)	जना				
स्वास्थ्यचौकी भवन निर्माण					
ई-स्वास्थ सेवा प्रदान गर्ने स्वास्थ संस्था					

सूचक	स्वास्थ्य क्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८० को अनुमान (रु. हजारमा)	२०८० / ०८१को अनुमान (रु. हजारमा)	२०८१ / ०८२ को अनुमान (रु. हजारमा)
स्वास्थ जनशक्ति विकास (संख्या)					

ग. खानेपानी तथा सरसफाई

ग.१.पृष्ठभूमि

हरेक परिवारलाई आधारभुत रुपमा खानेपानीको पहुँचमा समावेश गर्न र पूर्ण सरसफाइ अभियानतर्फ उन्मुख गराउन एक घर एक धारा अभियान चलाउँदै आएको यस गाउँपालिकामा सबै घर परिवारमा सुरक्षित खानेपानी धारा पुऱ्याउन सकिएको छैन । कतिपय बस्तीमा कुवाको पानी, मूलको पानी, कहीँ खोलाको पानी पिउने अवस्था छ । पर्यटकीय सेवाका लागि कतिपय व्यवसायिक होटलहरूमा जारको पानी पिउने अभ्यास देखिएको छ । यस गाउँपालिकामा हाल बहाल रहेका घरधूरी ५,५६८ मा ११३ घरपरिवारले सार्वजनिक धाराको पहुँचबाट खानेपानीको जोहो गरेका छन् भने जम्मा ३,१६६ घरमा मात्र पाइप धाराको पानी प्रयोग हुने गरेको छ । यसरी हर्दा अझै पनि कुल २,४०२ घरमा पाइपवाला धाराको पहुँच पुग्न बाँकी नै रहेको छ । पहिलेका दिनमा सार्वजनिक धाराहरुबाट पानीको उपभोग गर्ने चलन भएतापनि अव सेवाकरका हिसावले प्रत्येक घरधूरीमा आधारभूत खानेपानी सेवाको पहुँच पुर्याउनका लागि एक घर एक धारा अभियानलाई निरन्तरता दिई खानेपानी सेवा विस्तार गर्नु आवश्यक देखिन्छ । पानीको पर्याप्त स्रोत भएपनि गाउँपालिकामा कतिपय बस्तीहरुमा सर्वसुलब खानेपानी पुग्नसकेको छैन । स्वच्छ खानोपानी घर घरमा पुर्याई खानेपानीको कारण लाग्ने रोगव्यधी नियन्त्रण गर्नु आवश्यकता रहेको छ । एक घर एक धाराको अवधारणालाई कार्यन्वन गर्न गाउँपालिका स्तरिय र प्रदेश स्तरिय खानेपानी आयोजना सञ्चालन गर्नु आवश्यक देखिन्छ । पानीको मुहानको सुरक्षा तथा स्वच्छ खानेपानीको सुनिशचितता आजको आवश्यकता हो । घना वस्ती भएका गाउँहरुमा खानेपानी र ढलनिकासको प्रवन्ध गरी सफा र स्वच्छ गाउँपालिका निर्माण गर्नु पर्ने देखिन्छ ।

ग.२.चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
पर्यटकीय बस्ती घान्द्रुक र छोमरोङ्ग (वडा ११) मा सामुदायिक प्रयासमा फोहोर मैला सङ्कलन केन्द्र सञ्चालन मा रहेको र यो अनुभव अन्य बस्तीमा पनि विस्तार गर्ने अवसर रहेको छ ।	खानेपानीको दिगो स्रोत नभएका बस्तीहरूमा नियमित खानेपानीको आपूर्ति गर्ने समस्या ।
	पर्यटकीय पदमार्गहरुमा पर्याप्त सार्वजनिक शौचालयको व्यवस्थापन, सरसफाइ तथा ढल निकास र फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड क्षेत्रको व्यवस्था नहुनु
	कतिपय बस्तीमा खानेपानीका मूहानहरुको स्वामित्वका लागि छिमेकी गाउँपालिकासँग भएका विवाद
अबसर	चुनौती
निजी तथा सामुदायिक संस्थाहरुको चासो तथा लगानी आकर्षण हुँदै जानु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको सहभागिता सघन हुनु, ग्रामीण बस्ती नजिकै पानीका स्रोतहरू जस्तै खोलानाला, मूलको उपलब्धता प्रचुर मात्रामा रहुन, जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु, बस्तीबाट निस्कने फोहोर मैलाको दिगो व्यवस्थापनमा निजी र सामुदायिक क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु	दिगो स्रोत नभएका वस्तीमा खानेपानी स्रोत संरक्षण र विस्तार गरी आपूर्ति गर्ने व्यवस्था गर्ने ।
प्रदेश सरकारबाट खानेपानीमा सहयोग प्राप्त भईरहेको	असुरक्षित खानेपानीका कारण अधिकांश रोगहरू लाग्ने र

छ । पानीको मुहानहरु प्रसस्त मात्रामा रहेका छन । खानेपानी र सिंचाई सुविधा संगसंगैलै जान सक्ने अवस्था रहेको छ । अधिकाँम्स बस्तीहरुमा खानेपानी सुविधा पुगिसके को छ ।	विस्तार हुने गरेको अवस्थामा सबै घरधुरीमा प्रशोधित पानी पुऱ्याउनु र पानी प्रशोधनका जुक्तिहरुबाट शुद्धीकरण गरपेछि मात्र पिउने बानीको विकास गर्न चुनौती देखिएको छ । यसैगरी व्यक्तिगत सरसफाइका सबालमा दिसा गरेपछि साबुन पानीले हात धुने अभ्यासको विस्तार गर्नु पर्ने, अव्यवस्थित ठोस फोहोरको व्यवस्थापन र सडक आसपासको बसोबासमा धुँवा धुलो रध्वनि प्रदूषण
	क. छरिएर रहेको बस्ती एक घर एक धारा पर्याउनु कठिन छ । ख. छरिएर रहेको बस्ती ढल निकास तथा सरसफाईका कार्यक्र सञ्चालन गर्न कठिन

ग.३.सोँच

- सबैका लागि सुरक्षित तथा गुणस्तरिय खानेपानीको उपलव्धता ।

ग.४.लक्ष्य

- सबै जनसङ्ख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

ग.५.उद्देश्य

१. आधारभूत खानेपानी सुविधा सबै घर परिवारमा पुऱ्याउनु ।
२. आधारभूत सरसफाइ सुविधा सबै घर परिवारमा पुऱ्याउनु ।

ग.६.रणनीति

उद्देश्य : १. आधारभूत खानेपानी सुविधा सबै घर परिवारमा पुऱ्याउनु ।	
रणनीति	**कार्यनीति**
१.१. सबै घरधूरीमा आधारभूत खानेपानी सुविधा पुऱ्याउन खानेपानी श्रोत संरक्षण र व्यवस्थापनमा सरकारी, गैह्रसरकारी संस्था एवम सामुदायिक क्षेत्रको सहभागिता परिचालन गर्ने	१.१.१ खानेपानीको स्रोत संरक्षण तथा दिगो आपूर्तिको लागि पानीका मूहान वरीपरिका जलाधार क्षेत्रको व्यवस्थापन गरिने छ । १.१.२ खानेपानीका मूहानहरुको सूचिकरण र वडा स्तरीय व्यवस्थापन समिति बनाइ नियमित सेवाहरु सन्चालन गरिने छ । १.१.३ खानेपानी सेवालाई प्रभावकारी बनाउन वडा स्तरमा खानेपानी प्राविधिकको व्यवस्था गरी परिचालन गरिने छ ।
उद्देश्य :२. आधारभूत सरसफाइ सुविधा सबै घर परिवारमा पुऱ्याउनु ।	
रणनीति	**कार्यनीति**
२.१. सबै बस्तीलाई पूर्ण सरसफाइ अभियान तर्फ मूखीरत गर्न सार्वजनिक निजी साझेदारी मोडल अवलम्वन गर्ने	२.१.१ सडक जक्सन तथा पदमार्ग देउरालीमा पानीको श्रोत सहित सार्वजनिक शौचालयको निर्माण गरिने छ । २.१.२ बस्तीगत फोहरमैला व्यवस्थापनमा साझेदारी माध्यम अपनाइने छ । २.१.३ फोहरमैला प्रशोधनका लागि प्रविधि अपनाउने जनशक्ति व्यवस्थापन गरिने छ ।

ग.७. कार्यक्रमका प्राथमिकता

१. खानेपानीका स्रोतकोपहिचान र व्यवस्थापन ।
२. खानेपानीका स्रोत तथा जलाधार संरक्षणका लागि पोखरीको निर्माण ।
३. वडा स्तरीय व्यवस्थापन समिति निर्माण ।
४. खानेपानी प्राविधिक उत्पादन सम्वन्धी तालिम कार्यक्रम ।
५. सडक जक्सन तथा पदमार्ग देउरालीमा सार्वजनिक शौचालय निर्माण ।
६. बस्तीगत फोहरमैला व्यवस्थापनका लागि साझेदारी कार्यक्रम कार्यन्वयन ।
७. फोहरमैला प्रशोधन प्राविधिक तालिमको व्यवस्था ।

ग.६ विषय क्षेत्रगत,सूचक र नतिजा

तालिका २० खानेपानी तथा सरसफाई उप क्षेत्रसंग सम्बन्धित समग् सूचक र लक्ष्य

सूचक	खानेपानी तथा सरसफाई उप क्षेत्रसंग सम्बन्धित समग् सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
सफा खानेपानी प्राप्त गर्नेको प्रतिशत	%	८७	९१	९५	१००
पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा	%	-	-	-	-
खानेपानी मुल संरक्षण (मूल संख्या)	%				
एक घर एक धारा निर्माण	%	५६.८६	६८.२३	८१.८८	९८.२६
सार्वजनिक शौचरालय हरु निर्माण (संख्या)	%	१३	१६	१९	२२

घ.संस्कृति प्रबर्द्धन

घ.१.पृष्ठभूमी

विकासका आयामहरुमा जाति, भाषा, धर्म, कला र साहित्यका साथै पुरातात्विक साँस्कृतिक सम्पदाहरुलाई पनि सामाजिक पुँजीका रुपमा लिइन्छ । यीनै सामाजिक पुँजीले गाउँपालिकाको सामाजिक र साँस्कृतिक विकासमा नागरिक सहभागितालाई आकर्षण गर्ने अन्तरिक शक्तिका रुपमा काम गरेका हुन्छन् । यहाँका विभिन्न जात जाति, भाषाभाषीको मौलिक एवम् परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकुल हस्तान्तरण गर्दै जानु आवश्यक छ भने पुरातात्विक एवम् ऐतिहासिक सम्पदाको संरक्षण र संबर्द्धन गर्नु पनि उत्तिकै जरुरी छ । यी सम्पदाहरु सामाजिक पुँजी र नयाँ पुस्तालाई सामाजिकीकरण गर्ने साँस्कृतिक सम्पत्तिका हुनुका साथै पर्यटकीय दृष्टिले आर्थिक सम्पत्ति पनि मानिन्छन् । गाउँपालिकामा बर्षभरि लाग्नेपर्व मेला यहाँका विशिष्ट पहिचान हुन । गाउँपालिकाको विभिन्न वडा तथा गाउँहरुमा बर्षभरि कुनै न कुनैमेला पर्व लागि रहेको हुन्छ । परम्परागत रुपमा मगरहरुले मनाउदै आएको असारे मेला, पुष पन्ध्रे मेला, साउने सन्क्रान्ती मेला लगायत बर्षभरि मेला र पर्वहरु मनाउने यहाँको प्रचलन रहेको छ । मेला पर्वबाट यहाँको मौलिक संस्कृती नयाँ पुस्तामा हस्तान्तरण भैरहेको छ, भनेअर्को तिर यसबाट पर्यटन प्रबर्धनमा निकै ठुलो टेवा पुग्ने देखिन्छ । गाउँमा रहेका परम्परागत घरायसी सामाग्री, परम्परागत कृषि औजारहरु लगायत दैनिक प्रयोगमा आउने सामाग्रीहरुको संरक्षण गरी यहाको पर्वहरुको संरक्षण गर्नु पर्नेदेखिन्छ । जसको लागि गाउँपालिकाले सांस्कृतिक संग्रालय निर्माण गर्नेक्रममा रहेको छ भने मगर जातिको संस्कृतीलाई जगेर्ना गरी प्रचार प्रसार गर्न आवश्क लगानी थप्नु देखिन्छ ।

घ.२.चुनौति तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
घरबास पर्यटनका माध्यमबाट नयाँ ग्रामीण पर्यटनको विकास हुनुका साथै सस्थागत पर्यटनको गन्तव्य स्थल तथा पदयात्रा पर्यटनको लक्षित क्षेत्र अन्नपूर्णगाउँपालिका हुन पुगेको छ	धार्मिक, साँस्कृतिक महत्व बोकेको र ऐतिहासिक व्यापार मार्गको पहिचान बनाएको अन्नपूर्ण गाउँपालिकामा विद्यमान साँस्कृतिक सम्पदा र प्रचलनहरूको अध्ययन तथा अनुसन्धानका साथै संरक्षणको यथोचित कार्य हुन सकेको छैन
यहाँ पर्यटकीय अभिमुखीकरणद्वारा सम्पदा र सँस्कृति बचाउँनका लागि व्यवसायिक समुहहरूको चासो सिजर्ना गर्ने सम्भावना बढाएको छ साथै यहाँ रहेका बहुजातीय सँस्कृति तिनीहरुको समिश्रण र ग्रामीण पर्यटनले गाउँपालिकालाई ग्रामीण संग्रहालयका रुपमा विकास गर्ने अवसर देखाएको छ	
अबसर	**चुनौती**
स्थानीय सहभागिता र साँस्कृतिक पुँजीका आधारमा नयाँपुस्तालाई सुसूचित गर्ने तथा पर्यटकीय विकासका लागि पनि स्थानीय कला र सम्पदाको संरक्षण सम्वन्धी चेतना अभिवृद्धि हुदै आएको छ	हरेक जाति र समूहका आफ्नै मौलिकता र अर्का समूहसँग अन्तरसम्बन्धित सीप, ज्ञान, अनुभव र संस्कारहरु साँस्कृतिक सम्पदाका रुपमा विद्यमान छन् । तिनीहरूको संरक्षण र प्रवर्द्धन गर्नु, बढ्दो विश्वव्यापीकरणले प्राचिन सम्पदा र सँस्कृति विचलनमा थपिएको चुनौतीको सामना गर्न सँस्कृति प्रेमीहरुको संगठन कमजोर रहेको छ
वडा नागरिक सचेतना केन्द्र लगायत नागरिक अभियन्ताहरू प्रवर्द्धन हुदै जाँदा कला, सँस्कृति र सम्पदा क्षेत्रको विकासलाई महत्वपूर्ण अवसरका रुपमा लिन सकिन्छ	गाउपाँलिकाको मौलिक संस्कृतिको संरक्षण र संवर्द्धनमा ध्यान पुऱ्याउनु, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको एकीकृत अभिलेख तयार गर्नु नै यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्
क. कला र संस्कृतिको प्रचार प्रसार गरी पर्यटन प्रवर्धन गर्नसकिने। ख.अन्यत्रको भन्दा फरक संस्कृति भेषभुषा रहनसहन रहेकोले पर्यटनकों संभावनास देखिन्छ । ग.संघ र प्रदेश सरकारबाट समेत संस्कृति संरक्षण सहयोग प्राप्त हुनेसम्भावना रहेको छ ।	नयाँ पुस्तामा हस्तान्तरण गर्न। ख.प्रचार प्रसार र पर्यटक आकर्षण गर्न ग. कतिपय विकृति नियनत्रण गर्न।

घ.३.सोच

- बहु साँस्कृतिक पहिचान र सहअस्तित्वपूर्ण सद्भावमा आधारित समाजको निर्माण ।

घ.४.लक्ष्य

- भाषिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक एवम ऐतिहासिक सम्पदाहरूको संरक्षण र संवर्द्धन हुनेछ ।

घ.५.उद्देश्य

१. सबै जातीय समुदायहरूको साँस्कृतिक परम्पराहरूको जगेर्ना गर्नु ।

२. ऐतिहासिक, पुरातात्विक सम्पदा र संगीत–कलाको संरक्षण गर्नु ।

घ.६ रणनीति र कार्यनीति

उद्देश्य १. सबै जातीय समुदायहरूको साँस्कृतिक परम्पराहरूको जगेर्ना गर्ने ।	
रणनीति	**कार्यनीति**
१.१ दीर्घकालिन विकासका लागि जातीय–साँस्कृतिक परम्परा संरक्षणमा सँस्कृतिकर्मी र सम्पदाप्रेमीलाई संगठित गराइ परिचालन गर्ने ।	१.१.१ स्थानीय जातजातिहरुको पर्व, असल परम्परा एवम् जात्राहरुको संरक्षणतथा प्रवर्द्धन गरिने छ ।
उद्देश्य २. ऐतिहासिक, पुरातात्विक सम्पदा र संगीत–कला संरक्षण गर्ने ।	
रणनीति	**कार्यनीति**

२.१ वडाका विभिन्न ऐतिहासिक, पुरातात्विक सम्पदा र संगीत–कला क्षेत्रका सूचना सम्प्रेषण र सम्वद्धर्न गर्न नागरिक सचेतना केन्द्र र वडा सूचना केन्द्रलाईप्रोत्साहन गर्ने ।	२.१.१ ऐतिहासिक, पुरातात्विक सम्पदाको अभिलेखनतथा पर्यटकीय गन्तव्यमा जोड्ने कार्य गरिने छ । २.१.२ नागरिक सचेतना केन्द्रको सक्रियतामा वडा सूचना केन्द्रको सभाकक्षमा नाटक तथा कला संगीतका क्रियाकलाप सञ्चालनगर्न प्रोत्साहन गरिने छ ।

घ.७ कार्यक्रमका प्राथमिकता

१.साँस्कृतिक परम्परा एवम् जात्राहरुको संरक्षण तथा प्रवर्द्धन ।
२.ऐतिहासिक, पुरातात्विक सम्पदा र कलाको संरक्षण ।
३.सम्पदाको अभिलेखन तथा पर्यटकीय गन्तव्यमा जोड्ने कार्यसम्पन्न ।
४.वडा सूचना केन्द्रको स्थापना ।

घ.६ विषय क्षेत्रगत,सूचक र नतिजा

तालिका २१ सस्कृति प्रबर्द्धन उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	सस्कृति प्रबर्द्धन उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
सास्कृतिक प्रोफाईल निर्माण		०	१	०	०
सस्कृति प्रबर्द्धन कार्यक्रम (संख्या)		०	४	४	४
स्थानीयजात्रा, मेला, पर्वहरुको अध्यान (कार्यक्रम संख्या)		०	१	०	०
सास्कृतिक संग्राहलय निर्माण		०	०	१	

ङ.लैंगिक समानता तथा सामाजिक समावेशीकरण

ङ.१. पृष्ठभूमि

समाजमा रहेका लैंगिक असमानता र राज्यका विभिन्न अवसरबाट बञ्चित बर्गको उत्थनको निमित्त सामाजिक समावेशीकरण तथा लैंगिक समानताको विषय महत्पूर्णहुन्छ । राज्यका विभिन्न अवसरहरुमा आरक्षको व्यबस्था गरिएको भएपनि आरक्षबाट मात्र सबैले अवसरमा सहभागी हुन पाएको अनभुति गर्नसकेको अवस्था छ छैन भन्ने गनासो सुन्ने गरिन्छ । महिला हिंसा, बालबिवाह लगायतका समस्या हालसम्म पनि समाजमा विद्यमान रहेको पाईन्छ । दलित, जनजाती, आदिवासी, अपाङ्ता भएका व्यक्तीहरु, एकल महिला, गरिवीको रेखामुनि रहेको वर्ग समेतलाई स्थानीय सरकारबाट विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण गर्नु पर्ने आवश्यकता रहेको छ । समाजमा रहेका लैंगिक असमानता र राज्यका विभिन्न अवसरबाट बञ्चित बर्गको उत्थनको निमित्त सामाजिक समावेशीकरण तथा लैंगिक समानताको विषय महत्पूर्ण रहन्छ । राज्यका विभिन्न अवसरहरुमा आरक्षणको व्यस्था गरिएको भएपनि आरक्षबाट मात्र सबैले अवसरमा सहभागी हुन पाएको अनुभुति गर्नसकेको अवस्थ छैन भन्ने गुनासो सुन्ने गरिन्छ । महिला हिंसा, बालबिवाह लगायतका समस्या हालसम्म पनि समाजमा विद्यमान रहेको पाईन्छ । दलित, जनजाती, आदिवासी, अपाङ्ता भएका व्यक्तीहरु, एकल महिला, गरिवीको रेखामुनि रहेको वर्ग समेतलाई स्थानीयसरकारबाट विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण गर्नु पर्ने आवश्यकता रहेको छ ।

ङ.२. चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
संघीय कानूनले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको विषयमा कानून तथा नीति तर्जुमागरी कार्यन्वन गरिदै आईरहेको छ	
.समाजमा चेतनाको संबृद्द भैरहेको छ	
अबसर	**चुनौती**
स्थानीय सरकारले लैंगिक समानता र सामाजिक समावेशीकरणको पक्ष भूमिका खेल्न सक्छ	बजेट तर्जुमा गर्दा लैंगिक मैत्री बजेट तर्जुमा गर्ने
संघीय कानूनलेलैंगिक समानता तथा सामाजिक समावेशीकरणको विषयमा कानून तथा नीति तर्जुमा गरी कार्यन्वन गर्दै आईरहेको छ ।	वालबिवाह न्यूनीकरण गर्न । शिक्षामा समान अवसरको श्रजना गर्न । महिलाहरुलाई रोजगार श्रृजना गरी आत्मानिर्भर बनाउन पिछड्डिएको समुदायको आर्थिक, सामाजिक रुपमा सबल बनाउन ।
.स्थानीय सरकारलेलैंगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा भुमिका खेल्न सक्ने	वालबिवाह न्यूनीकरण गर्न, शिक्षामासमान अवसरको श्रृजना गर्न, महिलाहरुलाई स्रोजगार श्रृजना गरी आत्मनिर्बनाउन, पिछड्डिएको समदायको आर्थिक, सामाजिक रुपमा सबल बनाउन ।

ङ.३. सोच

- लैंगिक समानता र सामाजिक समावेशी विकास गर्नु ।

ङ.४. लक्ष्य

- लैंगिक असमानतालाई समाजमा जरैबाट निर्मुल पार्ने ।

ङ.५. उद्देश्य

क. शिक्षामा लैंगिक विभेदको अन्त्य गर्ने ।
ख. महिलाहरुलाई रोजगार श्रृजना गरी आत्मानिर्भर बनाउन ।
ग. वालबिवाह न्यूनीकरण गर्न ।
घ. पिछड्डिएको समुदायको आर्थिक, सामाजिक रुपमा सबल बनाउन ।

ङ.६. रणनिति

क. बालविवाह न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
ख. महिलाहरुको आय आर्जन वद्धि गर्न आवश्यक कार्यक्रहरु सञ्चालन गर्ने ।
ग. विद्यालयमा छात्रा छात्रवुत्ति कार्यक्रबाट छात्राहरुलाई विद्यालय जान अभिप्रेरित गर्ने ।
घ. पिछड्डिएको वर्ग समुदायका व्यक्तीहरुको आर्थिक उन्नतिको लागि कृषि, पशुपालन, सिपमुलक तालिम जस्ता कार्यक्रहरुमा अनुदान तथा तालिम प्रदान गर्ने ।
ङ पिछड्डिएका वर्गको शैक्षिक विकासका लागि छात्राबृत्ती लगायतका कार्यक्रहरु सञ्चालन गर्ने ।
च. आदिवासी जनजाति उत्थान कार्यक्रम सञ्चालन गर्ने ।

तालिका २२ लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
प्रत्यक्ष लैंगिक उत्तरदायी बजेट (प्रतिशत)			१.३५	१.५८	१.५२
महिला हकहित सम्बन्धि स्थानीयकानून तर्जुमा (सङ्ख्या)	सङ्ख्या		१	१	१
अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिम लैगिक सचेतना कार्यक्रम	सङ्ख्या		१	१	१
महिला उदधमी(संख्या)	जना				
सीपमुलक तालिम प्राप्त अपांगता भएका व्यक्ति	जना				
जेष्ठ नगरिकमैत्री कार्यक्रम					
बाल मैत्री गाउँपालिका घोषणा	वर्षभित्र				घोषणा
दलित उत्थन तथा रोजगार कार्यक्रबाट रोजगारी प्राप्त गर्ने दलित	जना	१०	५	५	५
आदिवासी जनजाति उत्थन कार्यक्रम सङ्ख्या	सङ्ख्या	०	१	१	१
गरिव विपन्न परिवार पहिचान	वर्षभित्र		पहिचान		

४.२.१.सामाजिक विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण

तालिका २३ सामाजिक विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण शिक्षा

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
१	विद्यालय शिक्षा निर्देशिका तर्जुमा तथा कार्यान्वयन	सबै विद्यालयहरुलाई प्रविधियुक्त पूर्वाधार लगायत शिक्षक, शिक्षण सामग्री, शिक्षण विधि, परीक्षा प्रणाली र शैक्षिक गुणस्तरले युक्त बनाउँदै लैजाने ।	२०७८/८९-२०८०/८१	६००	
२	सामुदायिक विद्यालय प्रअ कार्यसम्पादन करार			१५०	
३	सामुदायिक विद्यालय व्यवस्थापन समिति कार्यसम्पादन करार			१५०	
४	सामुदायिक विद्यालय सामाजिक परीक्षण निर्देशिका तर्जुमातथा कार्यान्वयन			३००	
५	मागमा आधारित शिक्षण सिकाइ तालिम कार्यक्रम			६००	
६	विद्यालय शिक्षक कार्यसम्पादनका विद्युतीय अभिलखन कार्यक्रम			६००	
७	शैक्षिककार्य योजना कार्यान्वयन सहयोग कार्यक्रम			०	

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
८	मातृभाषा आधारभुत शिक्षा कार्यक्रम			१५००	
९	पूर्ण साक्षरता अनुशरण कार्यक्रम			१५००	
१०	शिक्षक–विद्यार्थी–अभिभावकका आचार सहिता तर्जुमातथा कार्यान्वयन			५०	
११	शिक्षा पुरस्कार र अक्षय कोष निर्देशिका तर्जुमा			२००	
१२	सामुदायिक अध्ययन केन्द्रतथा एक वडा एक पुस्तकालय	विद्यालय शिक्षा सर्वसुलभ बनाउने र जनचेतनाका लागि सार्वजनिक पुस्तकालय स्थापना गर्नु ।		१५०००	
१३	जेहन्दार विद्यार्थी उच्चशिक्षा छात्रवृत्ति			३०००	
१४	सार्वजनिक विद्यालय शैक्षिक सामग्री सहयोग कार्यक्रम			३०००	
१५	लोकसेवा आयोग तयारी कक्षा सहयोग कार्यक्रम			६००	
१७	अन्नपर्ण परिचय पाठयक्रमतर्जुमा तथा जीवनोपयोगी वैकल्पिक शिक्षा कार्यक्रम			२२००	
			२०७८/८९–२०८०/८१	११९४५०	
			जम्मा	१४८९००	

४.३.पूर्वाधार विकास

क.सडक तथा पुल

क.क.१.पृष्ठभूमि

गाउँपालिकाको समग्र विकासका लागि जति नागरिक र सामाजिक सम्पर्कका माध्यमहरू सघन हुन सक्छन् उति नै विकासको गतिले तिव्रता लिन्छ । आर्थिक तथा सामाजिक सम्पर्क सघन पार्ने माध्यममा सडक यातायात महत्वपूर्ण मानिन्छ । सडक यातायातको विकासले उत्पादन र उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउदै रोजगारी सिजर्ना गर्न, गरिबी न्यनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्ने भएकाले सडकलाई विकासको बाहक नै मानिन्छ । मानवीय सम्पर्कका सहयोगी माध्यम सडक संजाल अन्तर्गत सवारी गुड्ने सडक मात्र नभएर पदमार्ग, मोटर पुल तथा झोलुङ्गे पुल समेतले बाह्रैमासे आवतजावतको प्रत्याभूति गराउँदछन् । अन्नपूर्ण गाउँपालिकाका करिब १२६ बस्तीमा करिब ५४ प्रतिशत घर परिवारले सडक सुबिधा उपभोग गर्दै आएको देखिन्छ । बाँकी ४६ प्रतिशत परिवार भने ठुला सडक सुविधाबाट बञ्चित छन् । तर ठुला सडक सुबिधा नभए पनि ती घरपरिवारलाई आफ्नो घरसम्म जान घोरेटो जस्ता बाटा उपलब्ध छन । दुर्गम गाउँबस्तीमा पहुँच पुऱ्याउन झोलुंगे पूलको योगदान महत्वपूर्ण रहेको हुन्छ । यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई अध्ययन अनुसन्धानमार्फत् दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ । गाउँपालिकाको केन्द्र जोड्ने मुख्य सडक लगायत अन्य शाखा सडकहरुलाई स्तरोन्नति गरी बाह्रैमहिना सवारी साधन चल्ने बनाउने गाउँपालिकाको थालनी चालु आर्थिक वर्षमा सकिएको छ । गाउँपालिकाको केन्द्र जोड्ने मुख्य सडक प्रदेश सरकारको सहयोगमा स्तरोन्नति गरी पिच तथा ग्राभेलको कार्य हुन गईरहेको छ ।

क.२.चुनौती तथा अबसर

सवलपक्ष	दुर्वलपक्ष
उपयोगमा नआएका झोलुङ्गे पूलहरुलाई यथोथित स्थानमा स्थानान्तरण गर्न सकिने सम्भावनाले पनि सडक पहुँच विस्तारमा अवसर देखिएको छ	स्थानीय जनशक्ति परदेशतर्फ पलायन हुनु र स्थानीय सहभागिता बिना नै सडक सञ्जाल लगायत पूल निर्माण हुने गरेको, स्थानीय स्तरमा प्राविधिक जनशक्तिको कमी हुनु, प्राथमिकता बिना नै सडक निर्माण गर्ने कार्यमा होडबाजी र यातायातमा सिण्डीकेट प्रणाली हावी हुनुले यस गाउँपालिकाको सडक यातायात व्यवस्थापनमा
	गुणस्तरीय भौतिक पूर्वाधारको अभाव
अबसर	**चुनौती**
झोलुङ्गे पूलहरुलाई यथोथित स्थानमा स्थानान्तरण गर्न सकिने सम्भावनाले पनि सडक पहुँच विस्तारमा अवसर देखिएको छ	पर्यटकीय बस्ती जोडिने गरी सडक तथा पदमार्गको व्यवस्थापन गर्दा स्थानीय सहभागिता बढ्न सक्ने,
सडक निर्माणमा संघ र प्रदेश सरकारबाट	पर्यटकीय महत्व र कृषि बजारलाई ध्यान दिइ सडक निर्माणमा स्थानीय तह, प्रदेश र संघीय सरकार बीचको साझेदारीको सम्भावना बन्दै गएको अवस्थाले यस क्षेत्रका अवसरहरू पनि बढ्दै गएका छन् ।
सबै वडा कार्यालयहरुमा सडकले छोएको छ ।	हिमाली उच्च-पर्वतीय लेकाली बस्तीदेखि मादी, भुरुङ्गदी तथा अन्य खालोका गल्छी र अँधेरी खोलाको आकस्मिक भलबाढी समेतको सामाना गर्नु पर्ने गाउँपालिकाकासडकहरुको नियति छ । विगतदेखि नै बस्तीगत परिस्थितिलाई विकास सन्तुलनका हिसावले योजना निर्माण गर्न नसकिएका कारण सबै बस्तीमा भरपर्दो र दिगो सडकको पहुँच चुनौतीपूर्ण भइरहको छ ।
अधिकाँश टोलहरुमा शाखाबाटो पुऱ्याइएको छ ।	भौगोलिक तथा भौगर्भिक अवस्थाका बीच आर्थिक र सामाजिक गतिविधिलाई गतिशील बनाउन योगदान गर्न सक्ने सडक संजाल पहिचान गरी निर्माण गर्नु, सीमित लगानीमा उपयुक्त प्रविधिको प्रयोग गर्दै गुणस्तरीय सडक निर्माण गर्नु, सानातिना आयोजनामा बजेट छर्ने प्रवृत्तिको अन्त्य गर्नु, व्यापार, ब्यवसाय तथा उत्पादन बढाउन मद्दत पुर्याउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखरे गुणस्तरीय सडक निर्माण गर्नु, दुर्गम गाउँ बस्तीमा आवश्यकताका आधारमा झोलुङ्गे पूल निर्माण गरी आवत–जावतको पहुँच पुऱ्याउनु, पर्यटकीय पदमार्ग विकास तथा ब्यवस्थापन गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा ब्यवस्थापन कार्यलाई दिगो बनाउनु यस क्षेत्रका प्रमुख चुनौती हुन्
गाउँपालिकाले सडक निर्माणमा प्राथमिकता दिएको छ ।	भौगोलिक विकटतालेसडडक निर्माण खर्चिलो भएको छ। छरिएर रहेका बस्तहरुमा सडक पर्याउनु शखा बाटोहरुमा बाह्रमहिना सवारी साधन गुड्न सक्ने बनाउन
	निश्चित समय सीमाभित्र निर्धारित लगानीमा आयोजना सम्पन्न गर्ने पद्धतिको विकास गर्ने ।

क.३.सोच

- सडक यातायात सञ्जाललाई आर्थिक समृद्धिको मेरुदण्डका रुपमा विकास गर्ने ।

क.४ लक्ष्य

प्रदेश सदरमुकाम देखि गाउँपालिकाकासबै वडा केन्द्रसम्मको सडक यातायात सबै याममा चल्नेगरी विकास गर्ने ।

क.५.उद्देश्य

१. सडक यातायात पूर्वाधारको विकास तथा विस्तार गर्दै सबै वडा केन्द्रसम्म सडक पुर्‍याउनु ।

२. सडक विस्तारलाई आर्थिक कार्यक्रमसँग जोडेर लैजानु ।

क.६.रणनीति

उद्देश्य : १.सडक यातायात पूर्वाधारको विकास तथा विस्तार गर्दै सबै वडा केन्द्रसम्म सडक पुर्‍याउनु ।	
रणनीति	**कार्यनीति**
१.१ सडक निर्माणको औचित्य तथा महत्व र दिगोपना हेरेर सडकको नयाँ ट्र्याक खोलिनेछ ।	१.१.१. सबै वडा केन्द्र, घनाबस्ती–बजार र पर्यटन जोड्ने गरी अन्नपूर्ण चक्रपथ निर्माण गरिने छ । १.१.२ नियमित यातायात सूचारु भएका सडक रशाखा सडकहरुको स्तरोन्नती गरिने छ । १.१.३ यातायात सेवा विस्तार र व्यवस्थित गर्न निर्देशिका तर्जुमा गरिने छ ।
उद्देश्य : २ सडक विस्तारलाई आर्थिक कार्यक्रमसंग जोडेर लैजानु ।	
रणनीति	**कार्यनीति**
२.१ रोजगारी र आय आर्जनमा बढावा दिनसक्ने कृषि तथा पशुपन्छीर गैर कृषि उद्यम केन्द्रित क्षेत्रमा सडक पहुँच र उद्यम सञ्चालनलाई प्ररित गर्ने ।	२.१.१. गाउँ र बस्तीलाइ खास आम्दानी र रोजगारी हुनेपर्यटकीय आकर्षण र बजार केन्द्र जोडने सडकलाई प्राथमिकता दिएर निर्माण गरिने छ । २.१.२ भैराखेको पर्यटकीय पदमार्ग स्तरोन्नति र नयाँ पदमार्गको खोजी गरिनेछ । २.१.३ बस्ती जोडने स्थानमा मोटर पुल निर्माण र झोलुङ्गे पुल स्थानान्तरण गरिने छ । २.१.४ नियमित यातायात सञ्चालन हुँदै आएका कच्ची सडकहरुको स्तरोन्नती तथा कालोपत्रे गरिनेछ ।

क.६.कार्यक्रमका प्राथमिकता

१. अन्नपूर्ण चक्रपथ निर्माण योजनाको कार्यान्वयन ।
२. बस्ती र वडा जोड्ने सडक तथा पुल मर्मत तथा हेरचाह कार्यक्रम ।
३. यातायात सेवा निर्देशिका तर्जुमा ।
४. मोटर पूल निर्माण र झोलुङ्गे पुल स्थानान्तरण ।
५. नियमितरुपमा सडक कालोपत्रे गर्ने ।
६. आकस्मिक मर्मत संभार कोष सञ्चालन

क.६ विषय क्षेत्रगत,सूचक र नतिजा

तालिका २४ सडक तथा पुल उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	सडक तथा पुल उपक्षेत्रसँग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
नयाँ सडक निर्माण	कि.मि.	१५	१७	१८	२०
सडकको स्तरोन्नति	कि.मि.	१३	१४	१६	१७
झोलडुगे पुल निर्माण	संख्या	२	३	४	५
पक्की पुल निर्माण	संख्य	३	३	३	३

सूचक	सडक तथा पुल उपक्षेत्रसँग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
	कि.मि.	०	२	५	५
	कि.मि.	०	२	५	५

ख सिंचाई

ख.१ पृष्ठभूमी

अति वर्षा मापन हुने गरेको लुम्ले कृषि अनुसन्धान केन्द्र यस अन्नपूर्ण गाउँपालिकामा अवस्थित छ । यहाँ मनसुनी वर्षाको समयमा बढी वर्षा हुँदा भल र पानीका जरुवा–मूलहरु पलाउने गर्दछन् । यीनै वर्षाको भल र पानीका मूल श्रोतहरुबाट यहाँका पहाडी, भिराला टारी खते मा पुरानो कुलो प्रणालीवाट सिँचाइ हुने गरेको छ । कतिपय खोला किनारका फाँटहरुमा साना तथा मझौला सिँचाइ प्रणालीबाट धानखेतमा सिँचाइ हुने गरेको छ । यस गाउँपालिकामाहालै गरिएको सर्भेक्षणका आधारमा ३१ वटा पानीका श्रोतहरुबाट ९ वडाका ६१ वटा साना टारी र फाँटहरुमा सिँचाइ हुने गरेको छभने बाँकी २ वटा वडाहरु(६ र १०) मा कुनै सिंचाइयोग्य श्रोत नभएको अवस्था विद्यमान छ। यी अधिंकाश श्रोतहरु हिउँदे याममा निस्कृय र वर्षा याममा सक्रिय हुने चरित्रका छन् । पर्यटकीय सम्भावनासँग कृषिको समन्वय गदै आन्तरिक उत्पादनबाट पर्यटन बजारको माग आपुर्तिले कृषि र पर्यटन क्षेत्रको उद्देश्य पुरा गर्न यहाँका हिउँदे याममा वैकल्पिक सिँचाइको सम्भावना विकास गरी बजार माग सम्बोधन गर्न सक्ने क्षमतामा रुपान्तरण गर्नु पर्ने आवस्यकता छ । यसकारण अन्नपूर्ण गाउँपालिकाले पानीका श्रोतहरुको निरन्तरताका लागि वर्षामा पानी सङ्कलन र मूल रिर्चाज गर्ने पोखरी प्राणालीको अभ्यास पनि थालनी भएका छ । मूलको संरक्षण र श्रोतको दिगो उपयोग प्रणाली निर्माण गरी सिँचाइ योग्य क्षेत्रमा सिंचाइको उपलब्धतता बढाउन योजनाबद्ध प्रयासको आवश्यकता छ । बाह्रै महिना सिंचाई हुनसक्ने अंधेरी फाट, रतीफाँटहरु उपभोक्ताहरुको आवासिय दूरीका कारण बल्लतल्ल एक वाली धान खेती मात्रै लिने गरिएको पाइन्छ । अधिंकाश खेती मौसमी सिंचाइमा भर पर्नुपर्ने बस्ती नजिकका टारी तथा सेरा (फाँट) हरुमा नयाँ खेतीका विधि तथा ढाँचाहरूको अभ्यास गर्नु आवश्यक देखिएको छ । साथै गाउँपालिकाको खाद्य सूरक्षा समेतलाई सम्बोधन गर्न यीनै टारी, सेरा तथा फाँटहरुको उत्पादन तथा उत्पादकत्व बढाई खाद्य सूरक्षा गरिबी निवारणमा योगदान पुऱ्याउन सिंचाइको मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ सिंचाइ सम्बन्धी कार्य गर्नु पर्ने आवश्यकता देखिएको छ । गाउँपालिका क्षेत्रमा धान खेती उत्पादन हुने क्षेत्र कम भए पनि स्थानीय जातका तरकारी तथा अन्य कृषि उपजहरुको लागि सिंचाईको आवश्यकता रहेको छ । गाउँपालिकाले प्रत्येक आर्थिक बर्षमा सर्शत अनुदान र समानिकरण अनुदानबाट कृषकहरुलाई सिंचाई अनुदान दिने गरेको छ । व्यावसायिक कृषि उत्पादनको लागि सिंचाई पूर्वाधार निर्माण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न आवश्क देखिन्छ ।

ख.२.चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
सिँचाइ आयोजना विकासप्रति समुदायको चाँसो वृद्धि गर्नु,	जलवायु परिवर्तन तथा नदीजन्य निर्माण सामग्रीको अव्यवस्थित दोहनले सिँचाइ क्षेत्रमा पारेको प्रतिकूल प्रभावको पहिचान गरी असर न्यूनीकरण गर्नु सिँचाइ क्षेत्र
कृषि उद्यमीहरुले व्यवसायिक कृषिका लागि वैकल्पिक सिँचाइ प्रविधिमार्फत कृषियोजनाहरुमा सहभागी हुन उत्सुकता देखाएका,	जलाधार क्षेत्रकासाना कुलोमा आधारित भएका र टार तथा भिरालो पहाडी भूभागमा सिचाइ सुविधा पुग्न नसकेको ।
अबसर	**चुनौती**
सिँचाइ क्षेत्रमा सुधार गरी उत्पादन तथा उत्पादकत्व बढाउन	उपलब्ध सिंचाइका श्रोतहरु ठाडा खोला हुनाको कारण बाँध बाध्न र जागोउनु चुनौतीपूर्ण छ
पर्यटन बजारको माग सम्बोधन गर्ने प्रदेश सरकारको पनि चासो रहको र निजीसाथै प्रदेश सरकारको बातावरण मैत्री कृषि योजनामा यसै गाउँपालिकाको व्यवसायिक कृषि समेत समेटिएको हुँदा सतही	उच्च लेकाली भू–भागहरूमा उपयुक्त प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याउनु, सञ्चालनमा रहेका कुलो–सिँचाइ आयोजनाहरूको मर्मत सम्भार गरी तिनीहरुको अधिकतम प्रयोग गर्नु, सिँचाइ सेवा शूल्क सङ्कलनकार्य

सवलपक्ष	दुर्वलपक्ष
सिंचाइबाट वर्षेबाली र थोपा सिँचाइ वैकल्पिक सिंचाइबाट हिउँदेबाली उत्पादनका व्यवसायिक योजनाहरुको सम्भावना बढदै जानु	प्रभावकारी बनाई आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो बनाउनु,
स्थानीय उत्पादनहरु प्रति कृषकहरुको बढ्दो आकर्षण । सिंचाईको लागि नदि तथा पानीको मुहानको उपलब्ता ।	भौगोलिक अवस्थाको कारण सिंचाई पूर्वाधारमा प्रयाप्त लगानी नहुनु । सिंचाई सुविधा उपलब्ध गराई कृषकहरुमा व्यावसायिक कृषि उत्पादनमा आकर्षण बढाउन ।
	पानीको अभाव भएका ठाउँमा पानी संकलनहुन` पोखरी निर्माण गर्ने, मौसमी खेतीलाई जोड दिने ।

ख.३. सोच

- सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने ।

ख.४. लक्ष्य

- सिँचाइ प्रणालीको दिगो विकास र कुशल व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख.५.उद्देश्य

१. सिञ्चित क्षेत्र विस्तारका लागि परम्परागत सिंचाइको सुधार गर्नु ।

२. जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिँदै कुशल व्यवस्थापन गर्नु ।

ख.६.रणनीति

उद्देश्य : १. सिञ्चित क्षेत्र विस्तारका लागि परम्परागत सिँचाइको सुधार गर्नु	
रणनीति	**कार्यनीति**
१.१सिँचाइ क्षेत्र विस्तारका लागि परम्परागत कुलाहरु सुधार र सञ्चालन गर्ने ।	१.१.१. परम्परागत कला सिँचाइ आयोजनाहरुको सुधार र सञ्चालन गरिने छ । १.१.२ हरेक वडा कृषक सञ्जालको सहभागितामा जल उपभोक्ता समूहको निर्माण र वडागत साना सिँचाइ योजना तयार गरी व्यवस्थित रुपमा सिँचाइको व्यवस्था मिलाइने छ ।
उद्देश्यः २. जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिदै कुशल व्यवस्थापन गर्नु	
रणनीति	**कार्यनीति**
२.१सिँचाइ स्रोतको बहुउद्देश्यीय उपयोगका विकल्पहरु प्रयोग गर्न प्रोत्साहित गर्दै कुशल व्यवस्थापन क्षमता विकास गर्ने ।	२.१.१. जलउपभोक्ता समूहलाई सिँचाइ स्रोतको बहुउद्देश्यीय उपयोगका विकल्पहरुबारे अभिमुखीकरण गरिने छ । २.१.२ हरके जल उपभोक्ता समूहको सहभागितामा करेसाबारी सिँचाइ प्रणाली सुदृढ गरिने छ ।

ख.७ कार्यक्रमका प्राथमिकता

१. परम्परागत कुलो सिँचाइहरुको सुधार र सञ्चालन।
२ वडा कृषक सञ्जालको सहभागितामाजलउपभोक्ता समूहको निर्माण।
३. जलउपभोक्ता समूहलाई बहुउद्देश्यीय उपयोगमाअभिमुखीकरण।
४ करेसाबारी सिँचाइ आयोजना सञ्चालन।

तालिका २५ सडक तथा पलु उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	सिचाई उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य				
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
सिंचाई सेवा (तरकारी तथा अन्य खाद्यान्नको लागि)	प्रतिशत	२७.४५	३०	३३	३७
साना सिंचाई कुलो निर्माण/पाईप बाट सिंचाई	सम्पन्न हुने आयोजना संख्या	५	२	५	१०

ग.भवन तथा शहरी विकास

ग.१.पृष्ठभूमि

अन्नपूर्ण गाउँपालिकाको बसोबास ढाँचा अवलोकन गर्दा बागलुङ्ग–पोखरा राजमार्ग आसपासको बजार केन्द्रमा बढदो घनत्व र विकट भौगोलिकतामा छिरलिएको पातलो बसोवास छ । दुर्गम गाऊँ जस्तै बसोबास पर्यटकीय केन्द्रहरुमा हुने कारोबारका कारण साना गुजुमुज्ज बस्ती र आसपासका अन्य बस्ती छरिएर रहेका छन् । पशुपालनका लागि खर्क र गोठ बनाइएका स्थानमा पर्यटन पदमार्ग परेका कारण व्यवसायीक सुविधाका लागि बसेका बस्तीहरु पशुपालन र पर्यटन व्यापारमा बढी केन्द्रीत छन् । भू–वनोट र बस्तीका आधारमा विश्लेषणगर्दा अधिकांश जनसङ्ख्याको बसोवास ग्रामीण चरित्रको नै छ । आन्तरिक रुपमा शहरोन्मुख बसाइसराइको सङ्केत देखिएपनि निकट छिमेकी पोखरामहानगरको पर्यटन र उपभोक्ता बजार लक्षित उत्पादन प्रणालीले यस गाउँपालिकालाई पनि प्रभाव पार्न थालेको छ । शहरी व्यवसायीहरूले यहाँको जमिन किनेर व्यवसायिक कृषि र पर्यटनको सम्भावना निर्माण गर्न खोजिरहकोले भोलिका दिनमा त्यो चाप सघन हुनसक्ने सङ्केत देखिएको छ । यसकारण पर्यटन गन्तव्य मार्ग र लोकमार्ग छेउको बाक्लो बस्ती र अन्यत्र पातलो बस्ती भएको यो पालिकामा भवन विकास र बस्ती तथा शहरी पूर्वाधार विकासका लागि बेलैमा मापदण्ड बनाउनु आवश्यक छ । भविष्यमा हुनसक्ने शहरीकरणको प्रभाव व्यवस्थापन गर्नका लागि राष्ट्रिय भवन संहितालाई संस्थागत गर्दै ग्रामीण तथा शहरी वस्तिहरूमा सुरक्षित, स्वास्थ्यकर, वातावरण मैत्री र किफायती भवन निर्माण गर्ने कार्यलाई प्रभावकारी बनाउन भवन निर्माण क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नु पर्ने आवश्यकता छ । गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी भवनहरु मध्य हाल बनेका स्वास्थ चौकी वडा कार्यालय भवन तथा विद्यालय भवनहरु भुकम्प प्रतिरोधी रहेका छन । निजी आवाशका भवनहरुलाई भुकम्प प्रतिरोधी बनाई सुरक्षित बस्ती बिकास गर्नु पर्ने आवश्यकता रहेको छ । भवन निर्माण मापदण्ड तयार गरी कार्यन्वनमा जानै पर्ने देखिन्छ । छरिएर रहेको वस्तीलाई एकिकृत बस्तीको रुपमा विकास गरी सम्पूर्ण सुविधाहरुलाई बस्ती केन्द्रित गर्नसके कम खर्चमा सबै सेवासुविधा पर्याउनु सकिने परिस्थती श्रृजना हुने देखिन्छ । नक्सा पास गरी घर निर्माणको कार्य थालनी यस आर्थिक वर्षदेखि शुरुवात गर्नु पर्ने देखिन्छ ।

ग.२ चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
पर्यटकीय सम्भावनाका कारण यस क्षेत्रको बस्ती र भवन तथा शहरी विकासका सबालहरुमा प्रादेशिक र संघीय सरकारको पनि चासोमा पर्नु,	
शहरी पूर्वाधार भएका स्थानमा बसाइँसराई बढ्नु, एकीकृत बस्ती विकास प्रति निजी क्षेत्रको आकर्षण बढ्नु, योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त बस्ती बसाल्ने सम्भावना रहुन, विकट र विपद्को उच्च जोखिममा रहेका गरिब, न्यून आय भएका परिवारका लागि न्यून लागतका आवास कार्यक्रम सञ्चालन हुनु, अति सीमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम सञ्चालनका लागि समुदायको चासो बढ्नु, सडक तथा अन्य पूर्वाधार विकासले ग्रामीण परिवेश पुर्नर्निर्माण हुने, पर्यटन र बस्ती विकासलाई जोडेर भवन निर्माणको आचारसंहिता पालना गर्न सकिने,	क.भवन निर्माण मापदण्ड बनाइ कार्यन्वन गर्न ख. नक्सा पास गरी घर बनाउनेपद्धतीको शरुवात गर्न । ग. असुरक्षत घरहरुलाई भुकम्प प्रतिरोधी बनाउन । घ. अव्यवस्त भवन निर्माण कार्यलाई व्यवस्त बनाउन । ङ. एकिकृत वस्ती विकास गर्न

सवलपक्ष	दुर्वलपक्ष
अबसर	चुनौती
घरबास पर्यटन र स्थानीय बजार केन्द्र जोड्ने गरी आयमूलक कियाकलाप गर्न सकिने यस क्षेत्रका अवसरहरू हुन्	ग्रामीण बजार केन्द्रहरुमा चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा स्वास्थ्यमा पहुँच पुऱ्याउनु, प्रत्येक शहरमा दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी बसाइँसराईको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि सहितको पालिका बनाउनु, सुरक्षित प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको पर्यटकीय बस्ती बनाउनु
लोकमार्गलाई आँगनको रुपमा प्रयोग गर्ने गरी बस्ती विस्तारित हुँदै जानु	नागरिकको वातावरणमैत्री सुरक्षित आवासको हकलाई सम्मान गर्दै भौगोलिक हिसाबले बिकट र छरिएर रहको तथा विपदको जोखिममा रहको घर परिवारलाई सुविधासम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा अव्यवस्थित रुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्नु,
स्थानीय सरकारलाई भवन निर्माण सम्बन्धि मापदण्ड निर्माण गर्ने अधिकार प्राप्तहुनु स्थानीय तहमा पर्याप्त प्राविधिक जनशक्ति रहनु भवन निर्माण गर्नसंघतथा प्रदेश सरकारबाट सहयोग प्राप्त हुनु । भवन निर्माण गर्दा मापदण्ड विषयमा जनचेतनाको विकास हुदैजानु ।	यसै गरी बनेका वस्तिमा ढल निकास नहुनु, वातावरणमैत्री इन्जिनियरिङ्ग बिना नै बस्ती बिस्तार हुनु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

ग.३.सोच

- समृद्ध अन्नपूर्णका लागि व्यवस्थित बस्ती विकास एवम सुरक्षित आवासको पहँच सवैमा पुऱ्याउने

ग.४.लक्ष्य

- सुरक्षित, वातावरण मैत्री एवम सुलभ ग्रामीण बस्ती विकासका आधार तय गर्ने ।

ग.५.उद्देश्य

१. एकीकृत बस्ती विकास गरी अव्यवस्थित रविपन्न घर परिवारलाई व्यवस्थापन गर्नु ।
२. स्थानीय बजार केन्द्रहरुलाई एकीकृत बजार ब्यावस्थापनका रुपमा विकास गर्नु ।

ग.६ रणनीति र कार्यनीति

उद्देश्य १ एकीकृतबस्ती विकास गरी अव्यवस्थित रविपन्न घर परिवारलाई व्यवस्थापन गर्नु ।	
रणनीति	**कार्यनीति**
१.१ भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गर्ने ।	१.१.१स्थानीय र प्रादेशिक सरकार समेतको सहभागितामा , निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्य तथा सहलगानीमा भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारका लागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधार भूत सुविधायुक्त र मौलिक पहिंचान बोकेका एकीकृत बस्ती निर्माण गरिनेछ । १.१.२ अति सीमान्तकृत र विपन्नका लागि जनता आवास कार्यक्रम अन्तर्गत एकीकृत आवासको व्यवस्था गरिनेछ । १.१.३विपन्न घरलाई अग्नीसूरक्षा कार्यक्रम अन्तरगत अग्नी जोखिम न्युनिकरण गर्न भान्छाकोठा र छानोसुधारमा सहयोग गरिनेछ ।
उद्देश्य २. स्थानीय बजार केन्द्रहरुलाई एकीकृत बजार ब्यावस्थापनका रुपमा विकास गर्नु ।	

रणनीति	कार्यनीति
२.१ स्थानीय बजार केन्द्रहरु र वडा केन्द्रहरुको एकीकृत व्यवस्थापनका लागि एकीकृत भवन निर्माण गरी सरकारी सेवा र व्यवस्थित बजारको विकास गर्ने ।	२.१.१हरेकवडा केन्द्रलाई स्थानीय आर्थिक एवम् प्रशासनिक विकास बिन्दुको रुपमा विकास गर्न एकीकृत भवन निर्माण गरी सेवा प्रदान गरिने छ । २.१.२ एकीकृत आवास, सुलभ शौचालय र ढल तथा फोहर व्यवस्थापनका लागि प्रोत्साहन गरिने छ २.१.३एक वडा एक विपद आवास गृह निर्माण गरिने छ । २.१.४स्थानीय बजार केन्द्रकोविकास गरी विक्री व्यवस्थापन कार्य करार सेवामा सञ्चालनगरी गाउँपालिकाको आयश्रोत वृद्धिका साथै बजार विकास गरिने छ । २.१.५ सरकारी र सार्वजनिक जमिन को अभिलेखन, नक्साङ्कन र प्रमाणीकरण कार्यक्रम सञ्चालनगरिने छ ।

ग.७ कार्यक्रमका प्राथमिकता

१. सरकारी र सार्वजनिक जमिनअभिलेखन, नक्शांकन र प्रमाणीकरण कार्यक्रम ।
२. एकीकृत बस्ती निर्माण ।
३. विपन्न घर परिवारलाई अग्नीसूरक्षा कार्यक्रम ।
४. हरेकवडा केन्द्रमा एकीकृत भवन निर्माण ।
५. शौचालय र ढल तथा फोहर व्यवस्थापन ।
६. एक वडा एक विपद आवास गृह निर्माण ।
७. स्थानीय बजार केन्द्रकोविकास र करार सेवा सञ्चालन

तालिका २६ भवन तथा शहरी विकास उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक		आ.व.			
	एकाई	०७८ / २०७९को उपलब्धी	२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
एकीकृत बस्ती योजना तथा जग्गा व्यवस्थापन		०	०	११	०
एकीकृत बस्ती निर्माण तथा हस्तान्तरण	कामको प्रतिशत	०	०	५५	४५
जनता आवासका लागि जग्गा व्यवस्थापन	कामको प्रतिशत	०	१००	०	०
जनता आवास निर्माण तथा हस्तान्तरण	संख्या	०	०	६	५
विपन्न घर परिवारलाइ अग्नी सुरक्षा कार्यक्रम	संख्या	०	०	११०	११०
वडा तथा पालिका केन्द्र जग्गा व्यवस्थापन	संख्या	१००.००%	–	–	–
वडा तथा पालिका केन्द्रमा एकीकृत भवन निर्माण (न्युनतम आठ वटा शाखा सहित)	संख्या	६	६	०	०
सामुदायिक शौचालय निर्माण	संख्या	०	३	३	४
एक वडा एक विपद आवास गृह निर्माण	संख्या	०	६	५	०
स्थानीय हाटबजार केन्द्र विकास योजना	संख्या				
स्थानीय हाटबजार केन्द्रनिर्माण र करार सवामा सञ्चालन	संख्या				
सरकारी र सार्वजनिक जमिन अभिलखन, नक्साङ्कन र प्रमाणीकरण कार्यक्रम	पटक				

घ.उर्जा

घ.१.पृष्ठभूमि

गाउँपालिकाको दिगो विकासका लागि विद्युत तथा बैकल्पिक ऊर्जाको उत्पादन तथा पहुँच विस्तारले महत्वपूर्ण भूमिका खेल्दछ । यस गाउँपालिकाका घरेलु उपयोगमा खाना पकाउने इन्धनहरुको रुपमा करिव ८३ प्रतिशत घरमा दाउराको प्रयोग हुदै आएको छ भने दोश्रो तहमा एलपी ग्याँस १३ प्रतिशत घरमा प्रयोग हुँदै आएको छ । यसैगरी ४ प्रतिशत घरमा भने वायो ग्यास उपयोग हुदै आएको अवस्था छ । खाना पकाउने प्रयोजनका हिसावमा बिजुली प्रयोग गर्ने घरधूरी करिब २० प्रतिशत छन्भने अझै केही घरधूरी (०.२ प्रतिशत)मा मट्टीतेलको प्रयोग हुदै आएको छ । घरेलु उज्यालोका लागि अन्नपूर्ण गाउँपालिकामा झण्डै सबै घरधूरी ५,५१४ (९४.२३ प्रतिशत) मा बत्ती बाल्न विद्युतीय ऊर्जा प्रयोग हुने गरेको छ । यस गाउँपालिकाका कुल घरधूरीको ५३२ (करीव १० प्रतिशत) घरले सोलार, ५९ (१.०६ प्रतिशत) ले मट्टीतेल र ३३ (०.६ प्रतिशत) घरधूरीले मात्र वायोग्याँसको प्रयोग गर्ने गरेको अवस्था विद्यमान छ । ठाडा खोलाको प्रचुरता उपलब्ध भएकाले यहाँ लघु जलविद्यतु को सम्भावना उच्च रहको छ । हालसम्म २० वटा लघु जलविद्युत आयोजना निर्माण भैसकेका छन् । साथै घान्द्रुकमा सन् १९९२ मा ५० कि.वा.क्षमताको लघु जलविद्युत आयोजना निर्माण भए पश्चात् अन्नपूर्ण संरक्षण क्षेत्र भित्र अन्य लघु जलविद्युत आयोजनाहरुले पनि निरन्तरता पाएका छन् । यस गाउँपालिकामा विभिन्न दातृ संस्थाहरुबाट संचालित १७ वटा र निजी क्षेत्रबाट संचालित ३ वटा गरीकुल २० वटा लघु जलबिद्युत आयोजनाहरु सञ्चालन मा छन् । लघु जलविद्युत आयोजनामा कुल लागत १२ करोड ११ लाख लगानी भएकोमा निजी क्षेत्रले ३७ लाख लगानी गरेका छन् । यी आयोजनाहरुबाट ४९३ कि.वा. बिजुली उत्पादन हुने र त्यसबाट कुल १,८५१ घरपरिवार, १६६ होटल तथा रेष्टुरा र अन्य (मील, विद्यालय) ९ गरी जम्मा २,०२६ घरधूरी लाभान्वित भएको पाईन्छ । यस गाउँपालिकामा विद्युत ऊर्जाको पहुँच भएका घरधूरीमा सौर्य ऊर्जा प्रायः पानी तताउन र ज्यादै न्यून रुपमा वत्ति बाल्न प्रयोग भएको देखिन्छ । साथै स्थानीय जलश्रोतबाट उत्पादित विद्युत ऊर्जा र विकट भौगोलिक क्षेत्रमा सौर्य ऊर्जाको विस्तारबाट उज्यालो अन्नपूर्णको निर्माण गर्न सकिने सम्भावना देखिन्छ । गाउँपालिकामा अन्नपुर्णका बिभिन्न स्थानमा जलविद्युत उत्पादन गर्ननिजी क्षत्रको सकियता बढेको छ । गाउँपालिकाका केही बस्तीहरुमा नपुग भएको विद्युत गत आर्थिक वर्षदेखि सम्पूर्ण रुपमा विस्तार भई उज्यालो गाउँपालिकामा परिणत भईसकेको छ । सशर्तअनुदानको रुपमा बैकल्पक उर्जा कार्यक्रमबाट संघीय सरकारको अनुदान प्राप्त हुनेगरेको छ । गाउँपालिकाका सार्वजनिक स्थानहरुमा सोलार बत्ती जडान गर्ने कार्यको थालनी भएको छ । अन्नपुर्ण औद्योगिक ग्राम निर्माण भईसकेपछि विद्युत खपतको दर बढ्ने देखिन्छ । राष्ट्रिय प्रशारण लाईन र स्थानीय उत्पादनको प्रशारण लाईनमा सामान्जस्याता ल्याउन जरुरी रहेको देखिन्छ

५.५.२ प्रमूख समस्या

ऊर्जा क्षेत्रका समस्यालाई उपयोग शैली र उत्पादन प्रणालीसँग जोडेर हर्ने सकिन्छ । यस गाउँपालिकामास्थानीय स्रोतमा आधारित ऊर्जाको प्रयोग नगरी आयातित उर्जामा निर्भरता बढीरहको अवस्था नै समस्या हो भने अर्कातिर भिरालो क्षेत्रबाट अत्याधिक चापसहित बग्ने ठाडा खोलाहरुबाट विद्युत निकाल्न सकिने सम्भावना भएतापनिहालसम्म विद्युत् उत्पादन र अनुमति प्रदान गर्ने सम्पूर्ण अधिकार केन्द्रीय सरकारमा निहित रहुन, सर्वेक्षण अनुमति देखि विद्युत खरीद सम्झौता गर्दा सम्मका कार्य प्रक्रिया, जग्गा ब्यवस्थापन र वातावरणीय अध्ययन कार्य झन्झटिला र केन्द्रीकृत हुनविद्युत् वितरण प्रणालीको गुणस्तर खाना पकाउन तथा उद्योग सञ्चालन गर्नलाई समेत मिल्ने गरी विस्तार हुन नसक्नु, विद्युतीय सवारी साधन प्रबर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेसनहरूको निर्माण नहुनु, सौर्य उर्जाका उपकरणहरुको सहुलियत बजार उपलब्ध नहुनु ऊर्जा क्षेत्रका प्रमुख समस्याहरू हुन् भने स्थानीय तहमा वकैल्पिक ऊर्जाको प्रर्द्धधन, विकास र ब्यवस्थापन दक्षता उपलब्ध नहुनु पनि यस क्षेत्रका मुख्य समस्याहरू मानिन्छन् ।

घ.२.चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
पर्यटकीय क्षेत्रका रुपमा पहिचान बनाएको यस अन्नपूर्ण गाउँपालिकामा ठाडा खोलामा आधारित लघु जलविद्युत आयोजनाको सम्भावना, सौर्य तथा वायु ऊर्जाको सम्भावना उच्च देखिन्छ	ऊर्जा क्षेत्रका सबालमा सबैभन्दा ठुलो चुनौती भनेकै सम्भाव्यता अध्ययन हुन बाँकी रहनु हो । ् । हालैका वर्षहरुमा विद्युतको केन्द्रिय प्रशारण लाईन विस्तार भए संगै केही लघु जलविद्युत आयोजनाहरु प्रयोग विहीन हुन सक्ने सम्भावना देखिन्छ । यसबाट आउन सक्ने समस्या निराकरणका लागि ती आयोजनाहरुलाई गाउँस्तरमै लघु उद्योगहरु जस्तैः बेकरी, कुटानी/ पिसानी, काठ मील, दूध सङ्कलनकेन्द्र र कृषि उपज खरिद विक्री केन्द्र सञ्चालन गर्न सकिने सम्भावना देखिन्छ
लघु जलविद्युत्, सुधारिएको पानी घट्ट, सौर्य ऊर्जा,	किमरुङ्गखोला, घट्टेखोला, मोदीखोला जस्ता ठाडा खोलामा

सुधारिएको चुलोको निकै आकर्षण देखिन्छ	जलविद्युत आयोजनाको सम्भावना भएर पनि उपयोग हुन नसकेका
विद्युत् उत्पादन, प्रसारण तथा वितरण र समग्र ऊर्जा क्षेत्र व्यवस्थापन गर्न स्थानीय सरकारका रुपमा गाउँपालिकाको संरचना स्थापना गर्नु,	
अबसर	**चुनौती**
स्वच्छ ऊर्जाको विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, नेपाल सरकारले नवीकरणीय ऊर्जा विकासलाई प्राथमिकतामा राख्नु तथा व्यवस्थापन गर्न सक्ने जनशक्ति विकास हुँदै जानु,	राजस्वमा वृद्धि गर्दै दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु, इन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्याँस र पेट्रोलियम पदार्थलाई विद्युतले प्रतिस्थापन गरी इन्धन आयात घटाउने र विद्युत्को आन्तरिक खपत बढाउनु, बत्ती बाल्नका लागि निर्माण गरिएका पुराना वितरण प्रणालीलाई खान पकाउन, विद्युतीय सवारी साधन चलाउन र लघु उद्योगमा खपत गर्न पनि उपयुक्त हुने गरी स्तरोन्नति गर्नु, विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न चार्जिङ्ग केन्द्रहरूको विस्तार गर्नु,
गाउँपालिकामा लघु विद्युत तथा सौर्य ऊर्जाको प्रविधि प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता बढाउँदै कार्बन न्यनीकरण परियोजनाका रुपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु ऊर्जा क्षेत्रका अवसरहरू हुन् ।	सार्वजनिक निजी साझेदारीको मान्यतामा आधारित निजी क्षेत्रमा उपलब्ध साधनस्रोत तथा प्रविधिलाई आकर्षित गर्दै आयोजनाहरू बनाएर गाउँपालिकाको आयोजनाहरू संचालित खोलाहरूमा आएका बाढीजन्य जोखिम र वातावरणीय असरहरूको पहिचान गरी समाधानका उपायहरू पहिल्याउदै आयोजनाकोदिगो व्यवस्थापन गर्नु जलविद्युत् क्षेत्रका चुनौतीहरू हुन
क.विद्यतु उत्पादनको प्रचुर सम्भाबना रहेकोले जलविद्यतबाट गाउँपालिकाको आम्दनी बृद्धि गर्नसकिने । ख. बैकल्पक उर्जाको उत्पादन गर्नसकिने। ग. संघ र प्रदेस सरकारबाट बैकल्पक उर्जाको क्षत्रमा लगानी सकर्गेन। घ.उत्पादत जलविद्यतु विद्यतु प्राधिकरणलाई विक्र गर्नसकिने।	क. विद्यतु खपतलाई बढाउन । ख. विद्यतको प्रयोगबाट आय आर्जनका कार्यक्रहरु सञ्चालन गरी औद्योगिक वातावरण तयार गर्नआवश्क परने सीप,पूँजी प्रविधी, बजार र कच्चा पदार्थहरुको व्यवस्थापनगर्न । ग. बैकल्पक उर्जाको प्रयोगलाई बढाउन ।
	निजी क्षेत्रको सहकार्यमा जलविद्यतु , सौर्य र वायु ऊर्जाको उत्पादन गर्ने ।

घ.३.सोँच

- विद्युतीय ऊर्जाको दिगो विकास गरी उज्यालो अन्नपूर्ण गाउँपालिका बनाउने ।

घ.४ लक्ष्य

- केन्द्रीय विद्युत प्रशारण सेवा सबै घरधूरीमा पुऱ्याइ सकिने छ ।

घ.५ उद्देश्य

१.घरायसी तथा उत्पादन प्रयोजनका लागि विद्युतीय ऊर्जा विस्तार गर्नु ।

२.जलविद्यतु विकासमार्फत विद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।

घ.५.रणनीति

उद्देश्य १:घरायसी तथा उत्पादन प्रयोजनका लागि विद्युतीय ऊर्जा विस्तार गर्नु ।	
रणनीति	**कार्यनीति**
१.१ प्रत्येक बस्तीमा विद्युत प्रसारण विस्तार गर्ने	१.१.१ विद्यतु प्रसारण नपुगेका बस्तीमा विद्युत लाइन विस्तारमा पहल गरिनेछ । १.१.२ विद्युत सम्भाव्यता नभएका क्षेत्रमा वैकल्पिक ऊर्जाबाट विद्युतीकरण गरिनेछ । १.१.३ विपन्न र विद्यतु नपुगेका बस्तीमा सौर्यवत्ती सहयोग कार्यक्रम सञ्चालनगरिनेछ ।
उद्देश्य २: जलविद्युत विकासमार्फत विद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो वनाउनु ।	
रणनीति	**कार्यनीति**
२.१ लघु जलविद्युत उत्पादन	२.१.१ लघु जलविद्युत उत्पादन सम्भाव्यता अध्ययन गरिनेछ ।
को सम्भाव्यता पहिचान गरी ऊर्जाको व्यवसायिक विकास गर्ने ।	२.१.२ घरेलु उद्योग तथा पर्यटन व्यवसायमा लघु जलविद्युत उपयोग गर्न निजी क्षेत्र र समुदायलाई प्रोत्साहन गरिनेछ । २.१.३ विद्यतु प्रसारण लाइनको नाङ्गो तारबाट हुने जोखिम तथा दुर्घटनाबाट बच्न साविक सबै वडा तथा घरधूरी लाभान्वित हुनेगरी कालो तार व्यवस्थापन गरिनेछ ।

कार्यक्रमका प्राथमिकता

१ विद्युत लाइन विस्तार कार्यक्रम ।
२ वैकल्पिक ऊर्जाबाट विद्युतीकरण कार्यक्रम ।
३ विपन्नलाई सौर्यवत्ती सहयोग कार्यक्रम ।
४ लघु जलविद्युत उत्पादन सम्भाव्यता अध्ययन कार्यक्रम ।
५ लघु जलविद्युत उपयोग प्रोत्साहन कार्यक्रम ।
६ नाङ्गो तारको जोखिम न्युनिकरणका लागि कालोतार व्यवस्थापन कार्यक्रम।

घ.६.विषय क्षेत्रगत सूचक र नतिजा

तालिका २७ उर्जा उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक		उर्जा उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य			
	एकाई	०७८ / २०७९को उपलब्धी	मध्यकालिन लक्ष्य		
			२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
जलविद्यतु उत्पादन	कि.वा.	३०२१			
बैकल्पक उर्जा (सौर्य)	कि.वा.				

ङ.सञ्चार

ङ.१.पृष्ठभूमि

सहभागिता मूलक विकासका लागि सुशासन र सञ्चार पहुँच आधारभूत सर्तहरु हुन् । यस गाउँपालिकाका नागरिकहरुको विकासमा सहभागिता वृद्धि र सरकारको जवाफदेहितासहित नागरिक संतुष्टी बढाउन गाउँपालिकाका नागरिकहरुमा सञ्चार प्रविधिको पहुँच र पूर्वाधार विकास महत्वपूर्ण हुन आउँछ । विद्युतीय सूचना प्रणालीका माध्यमबाट शासनको व्यवस्थापन गर्ने डिजिटल शासनको सञ्जालीकरण अभ्यासमा अन्य स्थानीय तहको सक्रियतालाई ध्यानमा राख्दै संचारप्रविधि मैत्री पूवार्धार विकासका लागि अन्नपूर्णले पनि रणनीतिक योजना बनाउनु आवश्यक रहेको छ । गाउँपालिकाका सबै बस्तीहरुमा रेडियो सूचना पहुँच पुऱ्याउनका निम्ति प्राविधिक व्यवस्थाका लागि नेपाल सरकार सञ्चार प्रविधि मन्त्रालयसँग सहकार्य गर्न र गाउँपालिकामा स्थानीय एफ. एम.

रेडियो सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नु आवश्यक भएको छ । यस गाउँपालिकामा स्थानीय मिडिया विकास नभइसकेको अवस्थामा अन्य छिमेकी गाउँपालिकाका सञ्चार माध्यमलाई समेत नागरिक सरोकारका सूचना प्रकाशन तथा प्रसारणका लागि प्रोत्सान गर्नु पर्ने र वडागत सूचनाको पहुँच विकासका लागि वडा सूचना केन्द्र र वडा पुस्तकालयको विकास आवश्यक देखिएको छ । वडाको सूचना केन्द्र र पुस्तकालयका माध्यबाट स्थानीय पत्रपत्रिकाहरूको पहुँचका लागि सहजीकरण गर्न र छिमेकी गाउँ तथा नगरपालिकाबाट प्रकाशन, प्रसारण हुने मिडियामा अन्नपूर्ण गाउँपालिकाको जनहितकारी सन्देशको नियमित उठान तथा समेट्ने कार्य (कभरेज) प्रति नागरिक–सामुदायिक अन्तर्सम्बन्ध निर्माण र विकासका लागि सूचनाको उपयोग र रणनीति निर्माण लगायत हुलाक प्रणालीको आधुनिकीकरणका लागि पनि सूचना प्रविधि प्रयोगमा सुधार ल्याउन आवश्यक देखिन्छ । नेपाल टेलिकमको मोबाईल टेलिफोन सेवाले गाउँपालिकाको सबैक्षत्रलाई समेटेको छ । भौगोलिक विकटताले ल्याण्डलाईन विस्तार हुनसकेको छैन यद्यपी हाल टेलिकमको सेवा विस्तारले मोबाईल मार्फत ईन्टरनेट सुविधा प्राप्त भएको पाईन्छ । ईन्टरनेट सेवाको विस्तार गरी स्वास्थ शिक्षा क्षेत्रमा सूचना र सञ्चार प्रविधीको प्रयोग बढाई सहज सचेतना बृद्धि गर्नसकिने अवस्था रहेको छ । छरिएर रहेको बस्तीको कारण ईन्टरनेट सेवालाई तत्काल विस्तार गरी निशुल्क ईन्टरनेट सेवा उपलब्ध गराउन सक्ने अवस्था नभए पनि आफ्नो स्रोत साधनबाट ईन्टरनेट जडान गर्ने बानीको विकास भएको छ । सूचना तथा सञ्चार सेवाको प्रयोग गरी गाउँपालिकाले दिनेसेवामा सहजता ल्याउने कार्य अगाडि बढाउनुपर्ने देखिन्छ ।

ङ.२.▪ चुनौती तथा अवसर

सवलपक्ष	दुर्वलपक्ष
यस गाउँपालिकाको २८.६५% परिवारसँग रेडियोसेट रहेको र टेलिभिजनमा पहुँच हुने परिवारको सङ्ख्या भने ७१.०५% रहेको छ । त्यस्तै यस गाउँपालिकामा ८५.२६ % परिवारमा टेलिफोन तथा मोवाईलको पहुँच रहेको छ ।	वडा र बस्तीस्तरमा इन्टरनेट, रेडियो रटिभीको कमजोर पहुँच ।
ग्रामीण क्षेत्रसम्म सञ्चार माध्यमहरूको पहुँचमा क्रमश वृद्धि हुदै जानु, प्रदेश भित्रका अधिकांश स्थानीय तहको केन्द्रसम्म इन्टरनेट सेवा पुग्नु, इन्टरनेट सेवा प्रदायकहरूको सङ्ख्या बढ्दै जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, बहुसङ्ख्यक जनताको हातमा मोवाइल सेवा पुग्नु	गाउँपालिकाका समुदायको सञ्चार प्रविधिमा पहँचका हिसावले कम्प्युटर र ईन्टरनेटको सुविधा क्रमशः ११.६६ % र १५.९१ % परिवारमा मात्र सीमित रहेको पाइन्छ ।
	सञ्चार माध्यम र प्रविधिको ग्रामीण भेगसम्म पहुँच विस्तार गर्नु र पालिका भित्रका पर्यटकीय क्षेत्रहरूमा तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै तारराहित प्रविधिको प्रयोगलाई बढावा दिनु आवश्यक भएको छ ।
अबसर	**चुनौती**
क.नेपाल टेलिकमको विस्तार भएको छ गाउँपालिका भित्र सञ्चरको सुविधा बढेको छ । ख. इन्टरनेटका प्रति जनताको चासो बढ्दो छ । ग. निजी क्षत्रको प्रतिस्पर्धाले इन्टरनेट सुविधा चुस्त पार्न सक्ने सम्भावना रहेको छ । घ.ईन्टरनेट प्रयोग गर्नेको संख्या बढ्ैगएको छ ।	सबै वडाहरूमा टेलिफोन नेटवर्क सेवाको स्तरोन्नति गर्न नसकिएको र गाउँपालिकाको कार्यालय तथा ११ वटै वडा कार्यालयमा जडान गरिएको इन्टरनेटको सुधार तथा बस्तीगत सूचना केन्द्र र पुस्तकालयमा त्यो सेवा विस्तारका लागि तार र तारराहित प्रविधिबाट इन्टरनेट सेवा विस्तारमा चुनौती देखिएको छ
	क. सेवा प्रवाहमा सूचना र संचारको प्रयोग गर्न। ख. सर्वसलभु रुपमा ईन्टरनेट सविधा विस्तार गर्न । ग.स्वास्थ र शिक्षा सूचना र प्रविधीको प्रयोग गर्न।
	त्यसैले आधुनिक डिजिटल प्रविधिमा नागरिकहरुको पहुँच बढाउनु

	स्थानीय विकासका लागि जनचेतना अभिवृद्धि गर्न ग्रामीण टेलीसेन्टरका रुपमा रहको संरचनाहरुलाई वडा सूचनाकेन्द्रका रुपमा व्यवस्थित गर्नु
	सञ्चार माध्यमहरूलाइविश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु
	सूचना र संञ्चार प्रविधिको सबल पहँच सबै वडामा पुऱ्याउने । जनजीवीकाका वैकल्पिक उपार्जनसँग वन व्यवस्थापन प्रणाली जोडन नसकिएको ।

ङ.३ सोच

- सूचना र सञ्चार, अन्नपूर्ण विकासका मुल आधार ।

ङ.४ लक्ष्य

- सूचना तथा सञ्चार प्रविधिले ग्रामीण स्तरीय जनजीवनलाई सहज तुल्याउने ।

ङ ५.उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक वनाई स्थानीय विकासमा योगदान पुऱ्याउनु ।
२. आम नागरिकमा विकासका सूचना समाचार लगायत सञ्चारको पहुँचमा पुऱ्याउनु ।

ङ ६ रणनीति

उद्देश्यः १.सूचना प्रविधिलाई भरपर्दो र पहुँचयोग्य बनाई स्थानीय विकासमा योगदान पुऱ्याउनु ।	
रणनीति	**कार्यनीति**
१.१ स्थानीय बस्ती र पर्यटकीय विन्दुहरुमा सञ्चार प्रविधिको पहुँच विस्तार गर्न नेपाल टेलीकम र प्रदेश सरकारसँग सहकार्य गर्ने ।	१.१.१ दिगो सञ्चार पहुँचका लागि सबै बस्तीमा टेलीफोन र इन्टरनेट पहुँच पुर्याउन बसे ट्रान्ससिभर स्टेसन(द्यबकभ त्चबलकअभष्खभच क्तबतष्यल ९द्यत्क० र नया सेवा थप्न सञ्चार प्रविधि मन्त्रालय, दुरसञ्चार र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।
उद्देश्यः २.२.आम नागरिकमा विकासका सूचना समाचार लगायत सञ्चारको पहुँचमा पुऱ्याउनु ।	
रणनीति	**कार्यनीति**
२.१ स्थानीय नागरिकमा आमसञ्चारको पहुँच विस्तार गरी विकासमा टेवा पुऱ्याउने गरी सहकारीमा आधारित मिडिया विकास र साझेदारी प्रोत्साहन गर्ने ।	२.१.१. दिगो सूचना पहुँच का सहकारी र समुदायलाईमिडिया स्थापना रएफ एम रेडियो सञ्चालन का लागि सहजीकरण गरिनेछ । २.१.२. गाउँपालिकाको सूचना प्रसारणका लागि मिडिया साझेदारी गरिनेछ । २.१.३. गाउँपालिकाको वडा पुस्तकालयलाई वडा सूचना केन्द्रका रुपमा विकास गर्न पत्रपत्रिका र सूचना प्रविधि उपकरण जडान तथा सेवाविस्तार गरिनेछ ।

<u>कार्यक्रमको प्राथमिकता</u>

१ टेलीफोन र इन्टरनेट पहुँचका लागि बेस ट्रान्ससिभर स्टेसन -Base Transceiver Station (BTS) स्थापना ।
२ सहकारी/समुदायमा आधारित एफ. एम. रेडियो सञ्चालन।
३. मिडिया साझेदारी कार्यक्रम ।
४.वडा पुस्तकालय/सूचना केन्द्रमा पत्रपत्रिका र सूचना प्रविधि उपकरण जडान ।

ङ.६.विषय क्षेत्रगत सूचक र नतिजा

तालिका २८ संञ्चार उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य

सूचक	संञ्चार उपक्षेत्रसंग सम्बन्धित समग्र सूचक र लक्ष्य				
			मध्यकालिन लक्ष्य		
	एकाई	०७८ / २०७९को उपलब्धी	२०७९ /०८०	२०८० / ०८१	२०८१ / ०८२
ईन्टरनेटको पहुँच पुगेको जनसंख्या	प्रतिशत	१६			
आय आर्जनमा ईन्टरनेटको प्रयोग					

४.३.१ पूर्वाधार विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण, सडक पुल

तालिका २९ पूर्वाधार विकास विषय क्षेत्रगत खर्च तथा आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण, सडक पुल

बजेट शिर्षक नं.	कार्यक्रम/आयोजना	"उद्देश्य तथा पुष्ट्याई"	आयोजना अवधी (शुरु र समाप्ति)	लागत (रु. हजार)	आगामी तीन वर्षको उपलब्धी सूचक
3.1.1	अन्नपूर्ण चक्रपथ निर्माण योजना (रेखाङ्कन, वातावरणीय सम्भाव्यता अध्ययन र विस्तृत योजना)	सडक यातायात पूर्वाधारको विकास तथा विस्तार गर्दै सबै वडा केन्द्रसम्म सडक पुर्‍याउनु ।	२०७८/८९–२०८०/८१	४००००	
3.1.2	बस्ती र वडा जोड्ने सडकमर्मत तथा स्तरोन्नति			१६५०००	
3.1.3	यातायात सवा निर्देशिका तर्जुमा (भाडा व्यवस्थापन र प्रदुषण मापदण्डसमेत)			२००	
